का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ भदौ २०८२
आइतबार
24 August 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २३, अंक २०३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# संसद् छल्दै प्रधामन्त्री



जनताका प्रतिनिधिसँग संसद्मै छलफल गर्नुपर्ने प्रधानमन्त्री ओली संसद् छलेर बाहिर सरकारले यसो गर्‍यो र उसो गर्‍यो भन्दै हिँड्नुको औचित्य छैन ।

**माधव सापकोटा**
**सांसद, नेकपा माओवादी केन्द्र**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ७ भदौ

संसदबाट दुई तिहाइ मत लिएर १३ महिनाअघि प्रधानमन्त्री बनेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पछिल्लोपटक संसदमा फेस गर्न अनिच्छुक देखिएका छन् । प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसको मुख्य सहयोगमा सत्ता समीकरण गरेका प्रधानमन्त्री ओली सत्ताधारी दलकै निसानामा परेर संसद छल्दै अन्य कार्यक्रममा निरन्तर सहभागी भइरहेका हुन् ।

सरकारले संसदबाट दिनुपर्ने कतिपय जवाफ सार्वजनिक भाषणमार्फत दिँदै हिँडेका ओली विश्वासको मतसमेत नलिने योजनामा छन् । बुधबार संसद कार्यसूचीमा रहेको सांसदसँग प्रश्नोत्तरमा सहभागिता नजनाएका ओली पार्टीका विभिन्न कार्यक्रमदेखि अन्य सार्वजनिक फोरमबाट सरकारले गरेका राम्रा कामको फेहेरिस्ता सुनाउँदै हिँडेका छन् । तर सरकारप्रति उठेका प्रश्नमा प्रधानमन्त्री ओलीले संसदबाटै दिनुपर्ने जवाफबाट भागिरहेको भन्दै विपक्षी दलका नेताहरूले आलोचना गरेका छन् ।

नेकपा माओवादी केन्द्र सांसद माधव सापकोटाले प्रधानमन्त्री ओलीले जनताका प्रतिनिधिसँग छलफल गर्नै नखोजको टिप्पणी गरे । 'जनताका प्रतिनिधिसँग संसदमै राखिएको प्रश्नोत्तर कार्यक्रमलाई समेत छलेर प्रधानमन्त्री ओली बाहिर बाहिर सरकारले यसो गर्‍यो र उसो गर्‍यो भन्दै हिँड्नुको औचित्य छैन', उनले भने । सरकार जनताका पक्षमा काम गर्नेभन्दा पनि दलाल बिचौलियाका पक्षमा रहेको उनको आरोप छ । 'प्रधानमन्त्री संसदबाट भाग्दै हुनुहुन्छ,' उनले भने, 'सरकार तस्करी, बिचौलियाले चलाएका छन् । जनतामा निराशा थपिएको छ । भ्रष्टाचार र कुशासनले गाँजेको छ । भिजिट भिसा प्रकरणमा मुछिएको सरकारले सदनमा चित्त बुझ्दो जवाफ दिएको छैन ।'

प्रतिनिधिसभाका दुई तिहाइ सदस्यको विश्वास पाएको ओली नेतृत्वको सरकारबाट केही साना दल बाहिरिएका छन् । सत्ता साझेदार >>> पृष्ठ २ मा



## राप्रपाभित्र विवाद छ, तर फुटको तहमा होइन



**बुद्धिमान तामाङ**
वरिष्ठ उपाध्यक्ष, राप्रपा

**अन्तर्वार्ता** पृष्ठ ५ मा...

# संसद्कै वेबसाइट छैन सुरक्षित

## संविधानसभाका सबै डकुमेन्ट ह्याक, सांसदहरूको भिडियो प्रोफाइल डिलिट

वेबसाइट ह्याक हुँदा प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा भएका गतिविधि हराएको छ । त्यसबेला राखिएको तत्कालीन सांसदहरूको भिडियो प्रोफाइल डिलिट भएको छ । संविधान सभाका डकुमेन्टहरू पनि संसद् सचिवालयको वेबसाइटमा छैन ।



वेबसाइट र डोमेन ह्याक हुन नसक्नेगरी भरपर्दो सुरक्षा प्रबन्ध मिलाउन आवश्यक छ । सर्भर डाउन हुँदा कतिपय गोप्य र संवेदनशील कुरा पनि बाहिर गएका छन् । यसले साइबर सुरक्षामाथि प्रश्न खडा गरेको छ ।

**उदयशमशेर जबरा**
**सांसद, नेपाली कांग्रेस**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ भदौ

देशको नीति बनाउने संघीय थलो हो- सिंहदरबार । जहाँ व्यवस्थापिका र कार्यपालिकाका कार्यलय छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि कार्यपालिका निकाय सिंहदरबारमा छन् । व्यवस्थापिकाअन्तर्गत सभामुखको कार्यालयदेखि संसदीय समितिका कार्यालय त्यहीँ छन् । राजनीतिक दलका संसदीय दलका कार्यलय सिंहदरबार भित्रै छ । राज्य चलाउनेहरू सबै रहने सिंहदरबार कति ठिकठाक छ त ? यो प्रश्नको एउटै जवाफ मिल्दैन । किनभने, सिंहदरबार ठिकठाक भए मुलुक नै ठिकठाक हुन्छ । सिंहदरबार ठिकठाक छैन भन्ने एउटा उदाहरण हो- वेबसाइट । अधिकांश सरकारी कार्यालयका वेबसाइट कुनबेला बन्द हुन्छन् र कुनबेला खुल्छन् भन्ने नै थाहा हुँदैन । यस्तैमा पर्छ संघीय संसद्को वेबसाइट पनि । गत साउन २९ गते संसद्को वेबसाइटको सर्भर दिनभरजसो डाउन भयो । त्यस दिन प्रतिनिधि सभाको बैठक थियो । सभाको बैठक प्रत्यक्ष प्रसारण हुन्छ । वेबसाइटको सर्भर डाउन भएपछि युट्युबबाट मात्रै प्रत्यक्ष प्रसारण देखाइयो ।

संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीका अनुसार वेबसाइटमा प्राविधिक समस्या आएकाले समस्या भएको हो ।

सरकारी कार्यालयहरू र संघीय संसदको वेबसाइट बारम्बार डाउन र ह्याक हुने गरेको विषय संसदमा पनि उठ्छ । सांसदहरू प्रश्न उठाउँछन् । तर, >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कुवेतमा विषाक्त मदिरा प्रकरण

## बनाउने, बेच्ने र खाने सबैलाई कडा सजाय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

कुवेतले प्रतिबन्ध लगाएको मदिरा सेवन तथा बिक्री वितरणमा संलग्न नेपालीहरूले चर्को मूल्य चुकाउनुपर्ने भएको छ । कुवेतको गृह मन्त्रालयले विषाक्त मदिरा सेवनपछि उपचारार्थ अस्पतालमा भर्ना भएका सबै विदेशीलाई उपचारपछि देश निकाला गर्ने भएको छ ।

देश निकालामा पर्नेमा कम्तीमा ३५ नेपालीसहित ७१ जना विदेशी कामदार रहेको बताइएको छ । अवैध विषाक्त मदिरा सेवनका कारण १६ नेपालीसहित २३ जनाको मृत्यु भएको थियो भने १६० जना घाइते भएका थिए ।

कुवेती सञ्चारमाध्यमहरूले अवैध मदिरा कारोबारका मुख्य कारोबारी मानिएका ४ जनालाई मृत्युदण्डको सजाय हुनसक्ने आँकलन गरिएको छ । एक नेपालीले मिथानोल-आधारित पेय पदार्थ तयार गर्ने र बेच्ने गरेको यसअघि नै स्वीकार गरेको कुवेतका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । देश निकालामा परेकाहरूलाई पुनः कुवेत प्रवेशमा आजीवन प्रतिबन्ध लगाइने भएको छ ।

हालसम्मको अनुसन्धानका क्रममा नेटवर्कका प्रमुख एक बंगलादेशी र तीन नेपाली सहयोगीसहित ६७ जनालाई पक्राउ गरिएको जनाइएको छ । विषाक्त मदिरा उत्पादनका ६ वटा कारखाना बन्द गरिएको छ भने धरपकड तीव्र पारिएको छ ।

पक्राउ पर्नेहरूमा अवैध बसोबासका मुद्दाहरूमा संलग्न र हालैका मृत्युहरूसँग सम्बन्धित विषाक्त मदिरा बनाउने कारखानामा कार्यरत रहेका छन् । कुवेतको गृह मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै आवासीय र श्रम >>> पृष्ठ २ मा

### फिलिपिनो हाउसमेडको न्यूनतम तलब ५ सय डलर

**मनिला/मस-** फिलिपिन्सले विदेशमा कार्यरत घरेलु कामदारहरूका लागि न्यूनतम मासिक तलब ५ सय अमेरिकी डलर करिब ७० हजार रुपैयाँ घोषणा गरेको छ । उक्त तलब यसअघि ४ सय अमेरिकी डलर करिब ५६ हजार थियो ।

विदेश फिलिपिनो घरेलु कामदारहरूको हक अधिकार संरक्षण र कल्याणमा सुधार गर्ने उद्देश्यले तलबमा सुधार गरिएको फिलिपिन्स समाचार एजेन्सीले जनाएको छ । आप्रवासी कामदार सचिव हान्स लियो क्याकडाकका अनुसार नयाँ ज्याला सीमा यसको आधिकारिक जारी भएको ६० दिनपछि लागू हुने बताएका छन् ।

ज्याला वृद्धिको अतिरिक्त फिलिपिन्स सरकारले घरेलु >>> पृष्ठ २ मा

# चार कार्यालयमा एउटै लेखापाल, मारमा सेवाग्राही

एउटै व्यक्तिलाई चार/चारवटा कार्यालयको जिम्मेवारी दिएपछि सेवाप्रवाहमा भने प्रतिकूल असर पर्दै आएको छ ।




**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, ७ भदौ

रौतहटमा जिल्लामा प्रादेशिक सरकारको मन्त्रालयअन्तर्गतका १८ वटा कार्यालय सञ्चालनमा छन् । नयाँ खोलिएका र पुरानै कार्यालयमा पनि लेखाका कर्मचारीको अभाव छ । कर्मचारी कम भएपछि एकै व्यक्तिलाई एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिने गरिएको छ । एउटै कर्मचारीलाई चारवटा कार्यालयको जिम्मेवारी दिइएको छ । यस्तो अवस्थाले सेवाप्रवाहमा समस्या पारेको छ ।

एक उदाहरण हुन- सुदीप गौतम । उनी पर्यटन विकास कार्यालय गौरमा लेखा अधिकृत हुन् । यही नै मूल जिम्मेवारी हो । तर, कर्मचारी अभाव देखाएर थप तीनवटा कार्यालयको जिम्मेवारी दिइएको छ ।

हाल उनी पर्यटन विकास कार्यालय गौर, पूर्वाधार विकास कार्यालय गौर, जिल्ला वन कार्यालय चन्द्रनिगाहपुर र भू-जलाधार कार्यालय चन्द्रनिगाहपुरका >>> पृष्ठ २ मा



लेखाका कर्मचारीलाई दोहोरो भूमिका दिने बाध्यता होला तर अत्यधिक विकासे बजेट रहेका अड्डाहरूको जिम्मा एकै व्यक्तिलाई दिँदा शंका गर्ने ठाउँ रहन्छ ।

**रविन्द्र साह**
**पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ रौतहट**

कर्मचारी आवश्यकता
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Public Relation Officer- 2 (Male/Female)
• 2 Years Experience In Related Fields.
Salary Negotiable
SEND YOUR CV:admin@bridgeskyint.com.np, info@bridgeskyint.com.np
Bridge Sky International Pvt. Ltd. Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४५५३३२१, ४५५४५७१, ४५५६३६१, फ्याक्स: ४४६५३५५
Website: www.bridgeskyint.com.np

मध्यान्ह
www.madhyanhadaily.com

८ भदौ २०८२ आइतबार
24 August 2025 Sunday

# न्यायको आवाजलाई बुलन्द बनाउन साहित्य सञ्जालमा जोडियौं : मन्त्री पन्त

**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले साहित्य चिन्तनले सामाजिक न्यायको आवाजलाई बुलन्द बनाउने भन्दै नयाँ पुस्तालाई साहित्य सञ्जालमा जोड्न आह्वान गरेका छन् ।

शनिबार आयोजित साहित्य सन्ध्या वार्षिक पुरस्कार तथा सम्मान अर्पण समारोहमा उनले विश्वमै आर्थिक स्वार्थले न्यायको आवाज दबाइरहेको भन्दै चिन्ता व्यक्त गरे ।



मन्त्री पन्तले विश्वमा भइरहेको अन्यायविरुद्धको आवाजलाई साहित्यका विभिन्न विधामार्फत उतार्न सकिने भन्दै नयाँ पुस्तालाई सिर्जनशील अभियानमा जोड्नुपर्ने आवश्यकता औंल्याए ।

'पछिल्लो समय न्यायप्रतिको आवाज कमजोर भएको छ। हिजो विश्व जति प्रखर भएर त्यस्ता कुराको विरोध गर्दथ्यो,आज धेरै जना मौन छौं। आर्थिक स्वार्थहरूले यी आवाज दबिरहेका छन्', उनले भने,'साहित्य सञ्जाल सांस्कृतिक, वैचारिक र सृजनात्मक आन्दोलन हो । नयाँ पुस्तालाई यसमा जोड्न सक्नुपर्छ।'

पछिल्लो समय मानविकी संकायमा विद्यार्थीको घट्दो आकर्षणबारे चर्चा गर्दै मन्त्री पन्तले शिक्षालाई कसरी सीपमूलक, प्रविधिमैत्री र उत्पादनमूलक बनाउन सकिन्छ भन्नेमा सरकार केन्द्रित भएको बताए । 'हिजोको शिक्षा बढी ज्ञानसँग जोडिन्थ्यो, आजको शिक्षा विज्ञानसँग जोडिएको छ । यसरी ज्ञान र विज्ञानको द्वन्द्वमा हामी बढी उन्नत, चिन्तनशील र श्रमशील नागरिक कसरी जन्माउँछौं, त्यो धेरै महत्त्वपूर्ण कुरा हो', उनले भने ।

**साहित्य सन्ध्याद्वारा पााज जना सम्मानित**

कार्यक्रममा शिक्षा, स्वास्थ्य र सामाजिक सेवाका क्षेत्रमा संलग्न पाँच जनालाई सम्मान गरिएको थियो ।

पुरस्कृत एवं सम्मानित हुनेमा स्रष्टाहरू प्रा. डा. कपिल लामिछाने, नवराज श्रेष्ठ, भवानी खतिवडा, स्वास्थ्य शिक्षा तथा स्वास्थ्य सेवी डा. मञ्जु दाहाल र काभ्रेको दाप्चाका विद्यार्थी सरोज अधिकारी छन् । रु. २१ हजार एक सय राशिसहितको साहित्य सन्ध्या पुरस्कार तथा सम्मानबाट स्रष्टा प्रा.डा. लामिछाने, रु. पाँच हजार राशिसहित साहित्य सन्ध्या सहभागिता पुरस्कार तथा सम्मानबाट श्रेष्ठ, रु. १० हजार राशिसहित साहित्य सन्ध्या-मन पुरस्कार तथा सम्मानबाट डा. दाहाल पुरस्कृत भए । यस्तै, रु. १० हजार राशिसहित साहित्य सन्ध्या-कृबा (कृष्णचन्द्र बालकुमारी सत्याल) पुरस्कार तथा सम्मानबाट विद्यार्थी अधिकारी र रु. १० हजार राशिसहित साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईं नियात्रा पुरस्कार तथा सम्मानबाट स्रष्टा खतिवडा सम्मानित भएका हुन् ।

# कतारमा भव्य रूपमा मनाइयो तिज

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ७ भदौ




कतारमा रहेका नेपाली महिलाहरूलाई लक्षित गर्दै आयोजना गरिएको रमाइलो तिज कार्यक्रम भव्य रुपमा सम्पन्न भएको छ । खास गरी बाल कलाकारहरूले दमदार प्रस्तुति रहेको कार्यक्रम कतारको होलिडे भिल्लाको सभा हलमा भएको थियो ।

कार्यक्रम कतारका लागि नेपाली राजदूत रमेश चन्द्र पौडेलको प्रमुख आतिथ्यता तथा महिला समाजकी अध्यक्ष माया केसीको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

महिला समाजमा आवद्ध कलाकारहरूको प्रस्तुति रहेको कार्यक्रममा नेपालबाट आमन्त्रित लोक तथा दोहोरी गायिका रेजिना परियारले आधा दर्जन बढी गीत गाएकी थिइन् । उनको प्रस्तुतिमा हल नै जुरुक्क बनेको थियो । परियारले 'कर्मैले परदेश पुऱ्यायो', 'यतिको भएसी चल्छ नेपालमा', 'भुल परे दाइ म त', 'नाच ओइ बाटुली', 'परे म त छक्कै' गीत गाउँदा सयौँ दर्शक छमछम नाचेका थिए। पहिलो पटक कतार आइपुगेकी उनले कतार यात्राको अवसरका लागि आयोजकप्रति आभार व्यक्त गरिन् ।

'क्षितिज वारि मेरो बस्तीमा' बोलको गीत गाउँदै कार्यक्रमको अन्तिममा स्टेज चढेकी लोक तथा दोहोरी गायिका टीका पुनले जहाँ नेपाली त्यहाँ नेपाल भन्दै, नेपालदेखि कतारसम्म आएर कार्यक्रममा सहभागी हुने अवसर जुराइदिने नेपाली महिला समाजलाई धन्यवाद ज्ञापन गर्दै समाजकी अध्यक्ष केसीलाई नेपालबाट ल्याएको उपहार प्रदान गर्दै आफ्नो प्रस्तुति सुरु गरेकी थिइन् । पुनले 'माइतीको देश', ' करिमै रुखो हुनाले', 'पानी माथि डुंगा', 'जमिनै फरर', 'गैरा बारी', 'कर्मैले घुमायो मलाई', 'जाम भने जान्छेउ र माया' लगायतका एक दर्जन गीत गाएर दर्शकहरुलाई झुमाएकी थिइन् । गायिकाद्वय पुन र परियारले 'तिजको लहर आयो बरिलै' गीत गाउँदै साङ्गीतिक प्रस्तुतिको बिट मारेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि महामहिम पौडेलले परदेशमा रहँदै गर्दा पनि नेपाली चाडपर्व, रीतिरिवाज, कला संस्कृतिलाई उत्तिकै महत्व दिएर आयोजना गरिएको भव्य कार्यक्रम आफूलाई प्रमुख अतिथिको भूमिकामा निमन्त्रणा गरी सहभागी हुने अवसर प्रदान गरेको भन्दै आयोजकप्रति आभार व्यक्त गरेका थिए । महिला समाजलाई भोजपुर सेवा समाज कतारले तिज विशेष कोसेली प्रदान गरेका थिए ।

समाजकी वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक सन्ध्या अर्यालले स्वागत मन्तव्य राखेको कार्यक्रममा दिया सिंह र प्रज्ञा निउरेले स्वागत नृत्य पेस गरेका थिए ।

महासचिव मेनुका खतिवडा भण्डारी र प्रवक्ता शारदा भुजेलले मिलेर सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष केसीले हलमा उपस्थित भएर कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण अतिथि, सहयोगी संघसंस्था, स्पोन्सर, सहयोगी दाता, कलाकार, पत्रकारहरू र कार्यक्रम तयारीमा जुट्ने कार्यसमिति टिमप्रति आभार व्यक्त गरिन् ।

सचेतना अन्तर्गत कतारको मानव अधिकार आयोगमा कार्यरत हमिद खान र निशा पराजुलीले कतारका कानुन र कामदारले के कस्ता नियमको पालना गर्नु पर्दछ भन्ने २० प्रश्न उत्तर गरी सचेत गराएका थिए ।

कतारमा रहेका दर्जनौं कलाकारले प्रस्तुति दिएको कार्यक्रममा दर्शकको संख्या अत्यधिक बढेसँगै आयोजकलाई दर्शक व्यवस्थापनमा निकै सकस परेको थियो । महिलालाई निःशुल्क प्रवेशको सुविधा रहेको कार्यक्रमको हल तिजमय बनेको थियो ।

# तिज मिलन कार्यक्रम सम्पन्न

**धर्मेन्द्रकुमार कुर्मी/मध्यान्ह**
कपिलवस्तु, ७ भदौ

कपिलवस्तुको विजयनगर गाउँपालिकाको आयोजनामा हरितालिका तिजको अवसरमा शुभकामना आदान-प्रदान तथा तिज मिलन कार्यक्रम सम्पन्न भएको छ ।



गाउँपालिका सभाहल खडैचामा सम्पन्न कार्यक्रममा राष्ट्रिय सभा उपाध्यक्ष बिमला घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो ।

यस्तै गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापा र अनेम संघकी केन्द्रीय सदस्य शारदा शर्माको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी थारूले गरेकी थिइन् । कार्यक्रममार्फत सहभागीहरूबीच पर्वको अवसरमा शुभकामना आदान-प्रदान गर्नुका साथै सामाजिक मेलमिलापको वातावरण सिर्जना गरिएको थियो ।

## संसद् ...

दल जनता समाजवादी पार्टी (जसपा) नेपाल र नागरिक उन्मुक्ति पार्टीले ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले सदनमा विश्वासको मत माग्नुपर्ने बहस भइरहेको छ ।

तर प्रधानमन्त्री जसपा नेपाल र नाउपाले समर्थन फिर्ता लिनेबित्तिकै सदनमा विश्वासको मत माग्न जानु नपर्ने बताउँदै आएका छन् । सरकारमा सहभागी कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति र स्वतन्त्र सांसद समेत गरी १ सय ९२ सिट थियो । पछिल्लो समय नाउपा र जनमतले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री ओलीले विश्वासको मत लिनुपर्ने पक्षमा कतिपयले बहस चलाएका छन् भने ओलीले त्यसलाई वास्ता गरेका छैनन् । सरकारलाई दिएको समर्थन फिर्ता लिएको नाउपाभित्र पछिल्लो समय अन्तर्विरोधले चरमरूप लिएको छ ।

अध्यक्ष रञ्जिता श्रेष्ठलाई हटाएर संस्थापक अध्यक्ष रेशम चौधरीले आफ्नै बाबु लालवीर चौधरीलाई अध्यक्ष बनाएका थिए । यस विषयमा निर्वाचन आयोग पुगेकी रञ्जितालाई नै आयोगले अध्यक्ष कायम गरिदिएपछि उनी आफैंले संसदीय दलको नेता भएको र सरकारलाई दिएको समर्थनसमेत काय रहेको भन्दै संसद सचिवालयमा पत्र पठाएकी छन् । यसले प्रधानमन्त्रीलाई विश्वासको मत लिन नपर्ने पक्षमा मत बलियो बनेको छ । तर दुईवटा सत्ता सहयात्रीले समर्थन फिर्ता लिइसकेपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको भन्दै अदालतमा रिट नै परेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत नलिएको भन्दै परेको रिटमा सर्वोच्च अदालतले 'कारण देखाऊ' आदेश जारी गरेको छ । न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले शुक्रबार सो आदेश गरे पनि अन्तरिम आदेश जारी भएको छैन । अन्तिम आदेशको छलफलका लागि ११ भदौको मिति तोकिएको सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेले बताए । ओली नेतृत्वको सरकारलाई दैनिक कामकाज सञ्चालनबाहेक दूरगामी तथा नीतिगत प्रकृतिका निर्णयमा रोक लगाउन माग गर्दै अधिवक्ता वीरेन्द्र केसीले रिट दायर गरेका थिए ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल र नागरिक उन्मुक्ति पार्टीले ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा नलिएको रिटमा उल्लेख छ । जसपाले गत असार ३१ मा नै समर्थन फिर्ता लिएको हुँदा त्यसको ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा नलिएको हुँदा ओली नेतृत्वको सरकार गैरसंवैधानिक रहेको रिटमा दाबी गरिएको छ ।

प्रधानमन्त्री ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुख देवराज घिमिरे, संघीय संसद् सचिवालय र राष्ट्रपति कार्यालय, शीतल निवासलाई रिटमा विपक्षी बनाइएको छ । यससँगै राष्ट्रपतिका तर्फबाट संविधानको धारा ७६ बमोजिमको सरकार गठनको प्रक्रिया प्रारम्भ गराउनसमेत रिटमा माग गरिएको छ । यद्यपि यस रिटका सन्दर्भमा प्रधामन्त्री ओलीले कुनै असहजता महसुस गरेका छैनन् । सबै साना दलहरूले सरकारलाई दिदएको समर्थन फिर्ता गरेपछि कांग्रेसको साथ रहँदासम्म ओली नेतृत्वको सकारलाई बहुमतमा असर नपर्ने नेकपा एमालेका नेताहरूले जिकिर गरेका छन् । दलीय हिसाबले प्रधानमन्त्रीसँग १ सय ९२ सिट भए पनि उनले विश्वासको मत लिँदा १ सय ८८ सांसदले हस्ताक्षर गरेका थिए ।

## संसदकै ...

समस्या बारम्बार दोहोरिरहन्छ ।

गत चैत तेस्रो साता दुई दिनसम्म प्रतिनिधि सभाको वेबसाइट डाउन भएको थियो । त्यसअघि र त्यसपछि पनि संसदको वेबसाइट पटकपटक डाउन भएका छन् ।

वेबसाइट ह्याक हुँदा प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा भएका गतिविधि नै उडेको छ । त्यसबेला तत्कालीन सांसदहरूको भिडियो प्रोफाइल बनाएर वेबसाइटमा राखिएको थियो । वेबसाइट ह्याक हुँदा ती प्रोफाइल डिलिट भएका छन् । पुनः अपलोड भएको छैन । संविधान सभाका कुनै पनि डकुमेन्ट संघीय संसद् सचिवालयको वेबसाइटमा छैन ।

तथापि, संसद्को वेबसाइटको विषयमा संसद्मा बेलाबेला प्रश्न भने उठिरहेको छ । गत फागुन १२ गते प्रतिनिधि सभाको बैठकमा बोल्दै नेपाली कांग्रेसका सांसद उदयशमशेर जबराले सरकारी वेबसाइट तथा डोमेनको भरपर्दो सुरक्षा हुनुपर्ने बताए । यो विषयमा सरकार गम्भीर बन्नुपर्ने उनको आग्रह छ ।

'वेबसाइट र डोमेन ह्याक हुन नसक्ने गरी भरपर्दो सुरक्षा प्रबन्ध मिलाउन आवश्यक छ,' उनले भनेका छन्, 'सर्भर डाउन हुँदा कतिपय गोप्य र संवेदनशील कुरा पनि बाहिर गएका छन् । यसले साइबर सुरक्षामाथि प्रश्न खडा गरेको छ ।'

गत वर्ष माघ १४ गते नेपाल सरकारको केन्द्रीय डाटा बैंकमा आक्रमण भएको थियो । सो बैंकको सर्भर करिब ५ घण्टा अवरुद्ध भएको थियो । त्यसक्रममा झन्डै १ हजार ५ सय साइट ह्याक हुन पुगेको भनेर प्रश्न उठेको थियो ।

यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनको सर्भर नै डाउन भएको छ । त्यसबेला अन्तर ाष्ट्रिय हवाई यात्रु केहीबेर अलपत्र परेका थिए । यस्तो दोहोरिरहँदा पनि सरकार गम्भीर नबनेको भनेर संसद्मा प्रश्न उठ्ने गरेका हुन् । तथापि, समस्या देखिन छाडेको छैन ।

## बनाउने....

कानुन उल्लंघन गरेको आरोपमा २ सय ५८ जनालाई पक्राउ गरिएको जनाएको छ ।

उनीहरूमा भिसाको म्याद सकिएको, भिसा ओभरस्टे, फरार मुद्दाहरू र अन्य कानुन उल्लंघन गर्नेहरू रहेको गृह मन्त्रालयले जनाएको छ । अधिकारीहरूले कामदार र रोजगारदाता दुवै कानुनअन्तर्गत जवाफदेही हुनुपर्ने बताएका छन् ।

## फिलिपिनो ...

कामदारहरूका लागि छुट्टै रोजगार वर्ग सिर्जना गर्ने योजना बनाएको छ । भविष्यमा हेरचाहकर्ताहरूका लागि छुट्टै न्यूनतम ज्याला स्थापना गरिनेछ ।

घरेलु कामदारहरूको सुरक्षा, कल्याण र करियर विकास बढाउन अनिवार्य वार्षिक स्वास्थ परीक्षणलगायत रहेका छन् ।

## चार...

लेखा अधिकृतको समेत जिम्मेवारीमा छन् । उनले सम्हालेका चारै कार्यालय विकासे कार्यालय हुन् ।

स्थानीयका अनुसार उनी चारवटै कार्यालयको काम अर्को एक ठाउँमा बसेर गरिरहेका छन् । रौतहटमा चारवटा कार्यालयको जिम्मेवारी सम्हाले गौतम एक्ला भने होइनन् ।

कोष लेखा नियन्त्रण कार्यालय गौरमा दरबन्दी रहेका लेखापाल श्रीचन महतो पनि थप तीनवटा कार्यालयकै जिम्मेवारीमा छन् । उनी अहिले राजदेवी नगरपालिका, इलाका प्रशासन कार्यालय गरुडा र कमला ढल्केवर सडक आयोजनामा समेत लेखापालको जिम्मेवारीमा छन् । एउटै व्यक्तिलाई चार/चारवटा कार्यालयको जिम्मेवारी दिएपछि सेवाप्रवाहमा प्रतिकूल असर पर्दै आएको छ । ।

चार/चारवटा कार्यालयका जिम्मेवारीमा रहेका अर्का लेखापाल उमेश यादव हुन् । उनको दरबन्दी नापी कार्यालय चन्द्रनिगाहपुरमा छ । तर उनी सो कार्यालयसँगै कर कार्यालय चन्द्रनिगाहपुर, मालपोत कार्यालय चन्द्रनिगाहपुर तथा शिक्षा तथा समन्वय इकाई सर्लाहीको जिम्मेवारीसमेत सम्हाल्दै आएका हुन् ।

जन स्वास्थ्य कार्यालय गौरमा कार्यरत लेखापाल सञ्जय झा पनि योसँगै जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा समन्वय इकाई रौतहटमा समेत कार्यरत छन् ।

कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटका प्रमुख देवीप्रसाद गौतम लेखाको कर्मचारी अभाव रहेको बताउँछन् । मधेश प्रदेश सरकारले पर्याप्त कर्मचारी नपठाइदिएको उनको गुनासो छ । तर स्थानीय यस्तो तर्कसँग सहमत छैनन् ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाका पूर्वअध्यक्ष रविन्द्र साह कर्मचारी अभाव भएको कुरा सत्य भए पनि थप जिम्मेवारी दिँदा आर्थिक चलखेल हुन सक्ने बताउँछन् । उनी भन्छन्, 'लेखाका कर्मचारीलाई दोहरो भूमिका दिने बाध्यता होला तर अत्यधिक विकासे बजेट रहेका अड्डाहरूको जिम्मा एकै व्यक्तिलाई दिँदा शंका गर्ने ठाउँ रहन्छ ।'


**Thalara Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kholi, Bajhang, Sudurpashchim Province, Nepal**

**Invitation for Electronic Bid for the Procurement Works**

**Notice No: 2082/083-09, Date of publication: 2082/05/08 (August 24, 2025)**

1. ***Office of Thalara Rural Municipality, Bajhang*** invites electronic bids from eligible bidders for the ***Construction of Laxmi Ma Vi Thalara-1, Motipur Shanti Ma Vi Thalara-3, Parakatne, Tribhuvan Ma Vi Thalara-4, Mahendradhar and Poornachandrodaya Ma Vi Thalara-9, Kulakatne (NCB/TRM/WORKS/01/2082-83)*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 2,55,00,000/-***
   - Minimum Work experience of similar size and nature: ***At least 1 building project with value of minimum NRs 1,53,00,000/-***
2. Bidder shall submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of Thalara Rural Municipality, Bajhang and email address: thalaramun@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable cost of ***NRs 5,000/-*** for bidding document in the account as specified below.
   ***Name of the Bank: Kumari Bank Ltd.*** ***Name of Office: Thalara Rural Municipality, Bajhang***
   ***Account no.: 1840102612300001*** ***Account Name: THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1***
   ***Rajaswa (revenue) Shirshak no.: 14229***
5. Pre-bid meeting shall be held at ***Office of Thalara Rural Municipality, Bajhang*** at ***13:00 noon on 2082/05/27 (September 12, 2025).***
6. Electronic bids must be submitted to the office ***Thalara Rural Municipality, Bajhang*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 noon*** on ***2082/06/07 (September 23, 2025).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 noon on 2082/06/07 (September 23, 2025*** at the office of ***Thalara Rural Municipality, Bajhang***. Bids must be valid for a period of ***90 days*** *from* the bid submission deadline and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of ***NRs 7,12,000/-***, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



**कुमाख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**नदीजन्य पदार्थ : ढुङ्गा, गिट्टी, बालुवा आदि**
**उत्खनन तथा बिक्रि बिवरण सम्बन्धमा बोलपत्रको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०८ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) दफा ६४ को उपदफा १ को च बमोजिम र यस कार्यालयको निर्णयानुसार यस गाउँपालिकाको IEE (आई.ई.ई.) प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाँटहरुमा निर्धारीत मापदण्ड बमोजिम नदीजन्य सामग्री उत्खनन गरी गाउँपालिकाले तोकेको परिमाण बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको चालु आ.व. को नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धिकर (VAT) दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा करचुक्ताको म्याद थपको प्रमाणपत्र संलग्न गरी तथा तोकिएको न्यूनतम अंकमा नघट्ने गरी तोकिए बमोजिमको शर्तहरुको अधिनमा रहि अनलाईन www.bolpatra.gov.np माध्यमबाट मिति २०८२/०६/०७ गते दिउँसो १२:०० बजे भित्र बोलपत्र दर्ता (submission) गर्न ईच्छुक सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरियको छ ।

| क्र. स. | बोलपत्र नं. | बोलपत्रको नाम तथा विवरण | उत्खनन परिमाण (घ.फि) | कुल न्यूनतम कबोल अंक (मु.अ.कर तथा अन्य कर बाहेक) | दरभाउपत्र दस्तुर रु. | धरौटी दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | KRM-NCB-Goods-01-2082/083 | बास खोला घाट, घाटाचौर घाट क्षेत्रको नदीजन्य प्रदार्थ को उत्खनन तथा बिक्री वितरण | ४,५९,२०४.४८ | २२,९६,०२२.४० | ३,००० | कबोल अंकको ५ प्रतिशत |
| २. | KRM-NCB-Goods-02-2082/083 | कैनकाडाखोला, स्यानिपिप्लि खोला, सेतिकम खोला, शान्तिबजार क्षेत्र, मोरामुखघाट, ढाडेखोला खोलामुख घाट क्षेत्रको नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरण | ५,१४,४९५.३० | २५,७२,४७६.५० | ३,००० | कबोल अंकको ५ प्रतिशत |

**प्रमुख प्रशासकीय अधिकृत**

# वीरगन्जमा फैलियो हैजा ३६ जनामा संक्रमण पुष्टि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

वीरगन्ज महानगरपालिकामा हैजाको प्रकोप फैलिएको छ । शुक्रबार सुरुमा वीरगन्ज महानगरपालिका वडा नम्बर १२ मुर्ली टोलका ३ जनामा संक्रमण पुष्टि भएकोमा शनिबार साँझसम्म ३६ जनामा संक्रमण पुष्टि भएको छ। स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार वीरगन्जमा हैजाको महामारी समुदायस्तरमै फैलिएको छ। शनिबार साँझसम्म महानगरको वडा नम्बर ३, ११, १२, १३ र ३० मा गरी ३६ जनामा हैजाको संक्रमण पुष्टि भएको हो।

सबैभन्दा बढी वीरगन्जको नारायणी अस्पतालमा १३ जना, तराई हस्पिटलमा १२ जना, नेशनल मेडिकल कलेजमा ५ जना, अलि अर्थो सेन्टरमा ४ जना र भवानी हस्पिटलमा २ जना हैजाका बिरामी उपचाररत रहेका छन् ।

वीरगन्जका विभिन्न अस्पतालमा गरी झाडापखाला र हैजाका शंकास्पद गरी हाल २०० भन्दा बढी बिरामी उपचाररत छन्।

वीरगन्ज महानगरका प्रमुख राजेशमान सिंहले हैजाका बिरामी भेटिएको थाहा पाउनेबित्तिकै प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी परिचालन गरेको जानकारी दिए । मुर्ली टोलका घरहरूमा प्रयोग भइरहेको पिउने पानीको नमूना थप परीक्षणका लागि काठमाडौंको टेकुस्थित प्रयोगशालामा पठाइएको बताइएको छ ।



महानगरका अनुसार हैजा फैलन नदिन र स्थानीयलाई सर्तक बनाउन शुक्रबार रातिदेख नै स्वास्थ्यकर्मीहरूको टोली घरघरमा पुगेर जनचेतना फैलाउने काम गर्दै आइरहेका छन् । स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले विगत १० वर्षपछि वीरगन्जमा हैजाको प्रकोप देखापरेको बताए ।

महानगर प्रमुख सिंहले हैजा एक गम्भीर संक्रामक रोग भएकाले यसको रोकथाममा कुनै पनि प्रकारको लापरबाही नगर्न सबैलाई अनुरोध गरेका छन् ।

नारायणी अस्पताल वीरगञ्जका प्रवक्ता डा.उदयनारायण सिंहले नारायणी अस्पतालको आकस्मिक विभागमा पनि झाडापखालामा गम्भीर प्रकृतिका बिरामीको उपचार भइरहेको जानकारी दिए । 'यो हैजा हुनसक्ने सम्भावना छ । नआत्तिकन आफूले पिउनेपानी उमालेर वा निर्मलीकरण गरेर पिउन अनुरोध गर्दछु', उनले भने ।

यसैबीच खानेपानीमन्त्री प्रदीप यादव हैजाका बिरामीहरूको अवस्थाका बारेमा जानकारी लिनका लागि वीरगन्जका विभिन्न अस्पतालमा पुगेका छन् ।

वीरगन्ज महानगरपालिकाको हैजा प्रभावित क्षेत्रहरूको स्थलगत अनुगमन तथा निरीक्षण गरेसँगै नारायणी अस्पताल, तराई हस्पिटल, वीरगन्ज हेल्थ केयर लगायतका विभिन्न अस्पतालहरुमा उपचाररत हैजाका बिरामीहरूको अवस्था, खानेपानीको स्रोत, सरसफाइ, तथा ढल व्यवस्थापनको वास्तविक अवस्थाका बारेमा प्रत्यक्षरूपमा जानकारी लिएको मन्त्री यादवले जानकारी दिए ।

यसैगरी मन्त्री यादवले आफ्नो विशेष निर्देशनमा, अहिले हैजा प्रभावित क्षेत्रमा खानेपानी तथा ढल व्यवस्थापन विभागबाट पानी शुद्धीकरणका लागि ' पियुष' लगायतका आवश्यक सामग्रीहरू सहितको मोबाइल टोली परिचालन गरिएको र उक्त टोलीले पानीको परीक्षण कार्य तीव्र रुपमा अघि बढाइरहेको बताए ।

मन्त्री यादले स्थानीय अधिकारीहरूसँग समन्वय गर्दै हैजा नियन्त्रणका लागि आवश्यक तत्कालीन तथा दीर्घकालीन उपायहरू कार्यान्वयन गर्न सम्बन्धित निकायलाई स्पष्ट निर्देशन दिएको समेत जानकारी दिए ।

उनले भने, 'हैजा नियन्त्रणका लागि हामी शंबेदनसील छौं । हामी सबैको सहयोग, सतर्कता र सचेतनाबाट यो समस्या चाँडै नियन्त्रणमा आउने मैले विश्वास लिएको छु ।'

# एमालेलाई जिम्मेवार र सशक्त लोकतान्त्रिक पार्टीका रूपमा प्रस्तुत गर्न आग्रह



**प्रदिप ज्ञवाली / मध्यान्ह**
रुपन्देही, ७ भदौ

नेकपा एमालेले शनिबार रुपन्देहीमा तिज मिलन तथा पार्टी प्रवेश कार्यक्रम आयोजना गर्दै ३ सय जनालाई पार्टीमा भित्र्याएको छ । रुपन्देहीको निर्वाचन क्षेत्र नं. ३ मा पर्ने शुद्धोधन गाउँपालिका र रोहिणी गाउँपालिकामा छुट्टाछुट्टै कार्यक्रममार्फत पार्टी प्रवेश गराइएको हो ।

एमाले जिल्ला उपसचिव बाबुराम पन्थीका अनुसार दुबै गाउँपालिकामा गरी करिब ३०० जनाले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहित विभिन्न पार्टी परित्याग गरेर एमाले प्रवेश गरेका छन् ।

शुद्धोधनमा मात्रै राप्रपा गाउँ कमिटी सचिव वासुदेव चौधरी, राप्रपा वडा नं. ५ का अध्यक्ष बुद्धिबहादुर बगालेसहित १५६ जना एमाले प्रवेश गरेका थिए ।

शुद्धोधनमा आयोजित कार्यक्रममा पार्टी प्रवेशकर्तालाई स्वागत गर्दै एमाले पोलिटब्युरो सदस्य तथा रुपन्देही इन्चार्ज लिला गिरीले पार्टी प्रवेशले एमालेलाई जनताको भरोसाको केन्द्र बनाउन मद्दत गर्ने बताए ।

उनले सबै कार्यकर्ताले जिम्मेवार, सशक्त र लोकतान्त्रिक पार्टीका रूपमा एमालेलाई जनसमक्ष प्रस्तुत गर्न सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

गिरीले भने, 'एमालेलाई जनताले आशा र विश्वासका साथ हेरिरहेका छन् । हामीले यही विश्वासलाई संरक्षण गर्दै विकास, समृद्धि र सुशासनको अभियानलाई निरन्तर अघि बढाउनुपर्छ ।' मुलुकभर पार्टी प्रवेशको लहर बढ्नु एमालेप्रति जनताको आकर्षण र विश्वासको सूचक भएको उनको भनाइ थियो ।

त्यस्तै, अर्का पोलिटब्युरो सदस्य खिमलाल भट्टराईले रुपन्देही-३ मा हुने उपनिर्वाचनमा एमालेको जित सुनिश्चित हुने गरी कार्यकर्तालाई जुट्न आह्वान गरे । उनले भ्रममा नपरी सत्यको जगमा टेकेर एमालेलाई जिताउने गरी सबैले योगदान गर्नुपर्नेमा जोड दिए ।

शुद्धोधनमा भएको कार्यक्रममा एमाले नेताहरू तुलसीप्रसाद चौधरी, रामहरि मरासिनी, विश्वप्रकाश मरासिनी, बुद्धिबहादुर बगाले, हितराज पन्थी, राजेन्द्र कंडेल, नरबहादुर घर्ती, छविलाल श्रेष्ठ, कोपिला काफ्ले, बैजनाथ गुप्ता, वासुदेव चौधरी, शान्ता ज्ञवाली, गोविन्द चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए । पार्टी प्रवेशसँगै नेताहरूले संगठन थप सुदृढ हुने र जनताको विश्वासलाई व्यवहारमा उतार्ने संकल्प व्यक्त गरे ।

यस्तै, रुपन्देहीको रोहिणी गाउँपालिकामा पनि विभिन्न पार्टी परित्याग गरेका १३० जनालाई एमालेले स्वागत गरेको थियो । त्यस अवसरमा एमाले पोलिटब्युरो सदस्य दधिराम न्यौपानेले पार्टी प्रवेशले संगठनलाई थप सशक्त बनाउने बताए । उनले आउँदो उपनिर्वाचनलाई लक्षित गरी कार्यकर्तालाई जनताका काममा खटिन आग्रह गरे ।

उपनिर्वाचन नजिकिँदै गर्दा ३०० बढी नेता-कार्यकर्ताको प्रवेशलाई एमालेले विशेष महत्वका साथ लिएको छ । एमाले रुपन्देही अध्यक्ष यज्ञ गैरेले मुलुकको विकास एमालेबाहेक कुनै दलबाट सम्भव नभएको दाबी गर्दै जिल्लाको विकासका लागि एमालेको जित अपरिहार्य भएको बताए ।

कार्यक्रम शुद्धोधन गाउँपालिकामा पालिका अध्यक्ष राजेन्द्र कंडेलको अध्यक्षता, पोलिटब्युरो सदस्य तथा इन्चार्ज लिला गिरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, दधिराम न्यौपाने, लुम्बिनी प्रदेश सांसद तुलसीप्रसाद चौधरी, प्रदेश सदस्य जानकी अर्याल, किरण नेपाल, जिल्ला अध्यक्ष यज्ञ गैरे, उपाध्यक्ष हितराज पन्थी, जिल्ला सचिव चित्रबहादुर कार्की, उपसचिव बाबुराम पन्थी, प्रदेश सल्लाहकार विश्वराज बराल लगायत पार्टीका अन्य नेता-कार्यकर्ताको उपस्थिति थियो ।

कार्यक्रममा नवप्रवेशीहरूलाई बधाई ज्ञापन गर्दै एमाले नेताहरूले संगठनलाई थप बलियो बनाउने प्रतिबद्धता जनाएका छन् ।

# नेपाली सेनाको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा शतप्रतिशत प्रगति



**काठमाडौं / मस**-नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय प्राथमिकता प्राप्त सडक करिडोर तथा अन्य पूर्वाधार आयोजनामा आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यअनुसारको प्रगति हासिल भएको छ ।

सेनाको व्यवस्थापनमा रणनीतिक महत्वका कोशी करिडोर, कर्णाली करिडोर, महाकाली करिडोर, बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनामा वार्षिक लक्ष्यअनुसार शतप्रतिशत प्रगति हासिल भएको रक्षा मन्त्रालयले जनाएको छ । यस्तै राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, राष्ट्रिय चुरे-तराईरमधेस संरक्षण र बंकर टु व्यारेक कार्यक्रममा पनि सोहीअनुसार नतिजा प्राप्त भएको मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले जानकारी दिए ।

राष्ट्रिय गौरवको आयोजनामध्ये सर्वाधिक महत्वको 'काठमाडौं-तराईरमधेस द्रुतमार्ग सडक आयोजना'को प्रगति भने उक्त आर्थिक वर्षमा ६७ दशमलव ५ मा सीमित भएको छ । द्रुत मार्गको प्रस्थान विन्दुदेखि ६.५ किमीसम्म पर्ने प्याकेज नं ११ मा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको तथा प्रस्थान विन्दु र सवारी आवागमन सम्बन्धमा निर्णय नहुँदा आयोजनाको भौतिकतर्फ वार्षिक लक्ष्य प्राप्त हुन नसकिएको मन्त्रालयले जनाएको छ ।

कोशी करिडोरअन्तर्गत खाँदबारी-किमाथांका (च्याम्तांग-घोंघप्पा) सडक आयोजनाअन्तर्गत १० दशमलव ५१, कर्णाली करिडोरको (घाटपारीचौर-बद्रिगाउँ-भुक्क खोला) सडक आयोजनाको दुई दशमलव पाँच र लाँलीबगर-दुल्लीकुनाको ११ किलोमिटर सडकको ट्र्याक खोलिसकिएको छ ।

कर्णाली करिडोरको बोक्चे गौडा र भीर गौडामा दुई/दुई सय मिटर तथा याङ्चु भीरमा ४०० चार सय मिटर लम्बाइको सडक निर्माण र खार्पुनाथस्थित चुवा खोलामा बेलिब्रिज निर्माण सम्पन्न भएको छ । यस्तै बेनीघाट-आरुघाट-लार्केभञ्जयाङ् सडक आयोजनामा दुई दशमलव पाँच किलोमिटर नयाँ ट्र्याक निर्माण भएको छ । सोही सडक खण्डको तातोपानी भीरमा सडक चौडा पार्ने कार्य पनि लक्ष्यअनुसार सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

महाकाली करिडोरअन्तर्गत दार्चुला-टिंकर सडक आयोजनाअन्तर्गत गत आवसम्ममा १७ दशमलव ५ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ । गत आवमा सो सडकमा एक दशमलव आठ किलोमिटर नयाँ ट्र्याक निर्माण र एक दशमलव दुई किलोमिटर ट्र्याक स्तरोन्नति गर्ने वार्षिक लक्ष्य लिएको थियो । यस्तै दार्चुला-टिठकार सडकखण्डमा दुई दशमलव तीन किलोमिटर नयाँ ट्र्याक निर्माण भएका मन्त्रालयले जनाएको छ ।

भौगोलिक कठिनाइ भएका स्थानमा सडक पूर्वाधार निर्माणमा संलग्न नेपाली सेनाका एक सय आठ सकल दर्जाले वीरगती प्राप्त गरेका छन् । निर्माण सम्पन्न भएका त्रिशूली-सोमदाङ सडक आयोजनामा १२, कटारी-ओलखढुंगा सात, बेनी-जोमसोम १८, कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला) ६२, नाग्मा-गमगढी एक, बेशिसहर-चामे तीन र जाजरकोट-डोल्पा एक गरी एक सय चार जनाले वीरगती प्राप्त गरेका छन् । ती सडक आयोजना निर्माणका क्रममा गैर सैनिकतर्फ २४ जनाले ज्यान गुमाएका छन् ।

हाल निर्माणाधीन सडक आयोजनातर्फ कर्णाली करिडोरमा चार जना सैनिक र निर्माणाधीन विभिन्न सडक आयोजनामा २८ जना गैर सैनिकको क्षति भएको छ । बंकरदेखि व्यारेक कार्यक्रमअन्तर्गत गत आवमा विभिन्न ७३ वटा संरचना निर्माण भएका छन् । सोही कार्यक्रमअन्तर्गत एक हजार नौ सय ९५ संरचना निर्माण गर्न बाँकी रहेको सेनाले जनाएको छ ।

यस्तै रणनीतिक महत्वको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय निर्माणमा पनि गत आवमा शतप्रतिशत सफलता प्राप्त भएको वार्षिक प्रगतिमा उल्लेख छ । विश्वविद्यालयको भौतिक संरचनाको निर्माणलाई निरन्तरता दिने लक्ष्य राखिएको आयोजनाको समष्टिगत भौतिक प्रगति ७४ दशमलव ०४ प्रतिशत र वित्तीय प्रगति ७४ दशमलव ०२ प्रतिशत रहेको छ । काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकास्थित पेरुंगेडाँडामा निर्माण भइरहेको उक्त विश्वविद्यालयको भौतिक पूर्वाधार, कानुन र पाठ्यक्रम निर्माण अन्तिम चरणमा पुगेको छ । प्रकृति संरक्षण कार्यमा पनि नेपाली सेनाले असरदार भूमिका निर्वाह गर्दै आएको छ । सोही क्रममा उक्त आर्थिक वर्षमा दुई लाख ५४ हजार एक सय ३३ पट्रोल, ३७ हजार आठ सय ६७ एम्बुस, नौ हजार दुई सय २४ आकस्मिक छड्केलगायतका गतिविधि सञ्चालित गरिएको मन्त्रालयको वार्षिक प्रगति विवरणमा उल्लेख छ । प्रकृति संरक्षणको सिलसिलामा हालसम्म एक सय १६ सैनिकले आफ्नो ज्यान गुमाएका छन् ।

यस्तै आर्थिक वर्ष २०८१/८२ मा रक्षा मन्त्रालयतर्फ तीन अर्ब ४५ करोड ८३ लाख ४० हजार बेरुजु रहेकामा त्यसको ६१ दशमलव ३९ प्रतिशत फछ्र्योट भएको मन्त्रालयले जनाएको छ । सो वर्ष ६० प्रतिशत बेरुजु फछ्र्योट गर्ने लक्ष्य राखिएको थियो ।

# नेत्र ज्योति संघ र धुलिखेल अस्पतालबीच सहकार्य

**काठमाडौं / मस**-नेपाल नेत्र ज्योति संघ (एनएनजेएस) र धुलिखेल अस्पताल-काठमाडौं विश्वविद्यालय अस्पताल (डीएच-केयूएच)बीच आँखा स्वास्थ्य, शैक्षिक तालिम र अनुसन्धान प्रवर्द्धनका लागि सहकार्य गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारी पत्रमा धुलिखेल अस्पतालका प्रशासनिक निर्देशक डा विराजमान कर्माचार्य र नेपाल नेत्र ज्योति सङ्घका अध्यक्ष प्राडा चेतराज पन्तले द्विपक्षीय सहमति पत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार धुलिखेल अस्पतालका आवासीय चिकित्सक र नेत्र विशेषज्ञलाई एनएनजेएस अन्तर्गतका विभिन्न अस्पतालमा तालिम, अनुसन्धान र बाह्य कार्यक्रममा सहभागी गराइनेछ । सोहीअनुरूप काठमाडौं विश्वविद्यालयका ग्लोबल हेल्थ तथा एपिडेमियोलोजी विषयका विद्यार्थीलाई पनि एनएनजेएसमा शैक्षिक आदान-प्रदान, अध्ययन भ्रमण र अनुसन्धानमा सहभागी गराउने व्यवस्था गरिएको छ ।

नेपाल नेत्र ज्योति संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रताअनुसार दुई संस्थाकाबीच संयुक्त अनुसन्धान र सह प्रकाशनसमेत हुनेछ ।

२८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र र ४५ जिल्ला शाखामार्फत नेपाल नेत्र ज्योति संघले वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई सेवा दिँदै आएको छ भने तीन लाखभन्दा बढी आँखाको शल्यक्रिया गर्दै आएको छ ।

Thalara Rural Municipality
Office of Rural Municipal Executive
Kholi, Bajhang, Sudurpashchim Province, Nepal

**Invitation for Electronic Bid for the Procurement Works**

**Notice No.: 2082/83-10, Date of Publication: 2082/05/08 (August 24, 2025)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures for the procurement of works mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount With VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| NCB/TRM/WORKS/ 02/2082-83 | Construction Work of Ward 9 Office Administrative Building Construction Work Thalara – 9, Bajhang | 65,99,258.58 | 1,65,000/- | 3,000/- | 120 days |
| NCB/TRM/WORKS/ 03/2082-83 | Construction of River Training Work in Different Sections of Seti River Thalara – 9, Bajhang | 60,88,172.53 | 1,53,000/- | 3,000/- | 120 days |

Purschase, Submission and Opening:

| Contract Date | | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| | | Time | Date | Time | |
| Email: thalaramun@gmail.com<br>Contact No.: 9843229890/ 9858420550 | | 2082/06/07 (September 23, 2025) | 12:00 Noon | 2082/06/07 (September 23, 2025) | 14:00 Noon |
| Bank Name & Address | Office Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
| | | Account Name | Account No. | Account Name | Account No. |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 184010261230016 |

- Tender document shall follow Public Procurement Act, 2063 (Latest Amendment), Public Procurement Regulation of Thalara Rural Municipality, 2076.
- Eligible bidders may refer complete set of Bid Document for further information at Office of Thalara Rural Municipality, Bajhang or PPMO's website www.bolpatra.gov.np/egp and bidders shall have the option of submitting their bids electronically only.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Gulariya Municipality
Office of Municipal Executive
Gulariya, Bardiya
Lumbini Province Nepal

**Invitation of Online Bid**

**Date of publication: 2082/05/08 (2025/08/24)**

1. The Gulariya Municipality, Office of Municipal Executive, Gulariya, Bardiya invites electronic Bids from Nepalese eligible bidders for the construction of following Works:

| S. N. | Contract ID | Description of Works | Estimated Amount Without Vat and Contigency | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1. | MG/G/ NCB/GNP-01/2082/2083 | Supply and Delivery of Electric Water Pump (Crompton/Kriloshkar or Equivalent) 2HP (3"x 3" ISO) | 51,94,000 | 1,46,000 | 3,000 |

2. **Bid Submission Deadline: 12 PM** on **2082/06/08 (2025/09/24) and Bid Opening Date: 1 PM** on **2082/06/08 (2025/09/24)**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gulariya municipality, Bardiya, telephone:084420412 and 9858022922 and facsimile number :084420200 and email address : arjun_lamsal2011@yahoo.com or may visit PPMO website www.bolpatra.gov.np and www.gulariyamun.gov.np .

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
८ भदौ २०८२ आइतबार
24 August 2025 Sunday

सम्पादकीय

## विश्वासको मतको व्याख्या चाहियो

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । तर कुनै समयमा लिने र कुनै समयमा विश्वासको मत नलिने अभ्यास नेपालमा छ । सरसर्ती हेर्दा सरकारको पक्षमा बहुमत छ कि छैन भन्ने हेर्ने र विश्वासको मत लिने कि नलिने निर्णय प्रधानमन्त्री स्वयंले लिने प्रवृति छ । यसरी हेर्दा विश्वासको मत लिने विषय ऐच्छिक जस्तो हुन पुगेको छ । के संविधानले विश्वासको मत लिने कि नलिने भनेर प्रधानमन्त्रीलाई आफैं निर्णय लिने अधिकार प्रत्यायोजन गरेको छ ? यसबारे सर्वोच्च अदालतबाटै व्याख्या हुनुपर्छ ।

संविधानको धारा १०० मा विश्वासको मत र अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्था छ । संविधानको धारा १०० को उपधारा १ मा प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था छ । उपधारा २ मा प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव राख्नुपर्नेछ । यदि यो व्यवस्थाको कार्यान्वयन हुन्थ्यो भने प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिनुपर्ने थियो । किनभने नागरिक उन्मुक्ति पार्टीले सरकारलाई समर्थन नदिने र विपक्षीको भूमिकामा रहने भनेर २२ असार २०८२ मा निर्णय गरेको थियो । यो जानकारी संसदलाई गराएर नाउपा प्रतिपक्षी बेन्चमा बस्न थालेको थियो । तर यस विषयमा पछिल्लो समय नाउपा आन्तरिक विवादमा छ । जनता समाजवादी पार्टी (जसपा) नेपालले पनि ३१ असार २०८२ मा सरकारलाई दिएको समर्थन र प्रधानमन्त्री ओलीलाई विश्वासको मत फिर्ता लिएको थियो । जसपा नेपाल आफ्नो निर्णयमा अडिग छ । दुईवटा दलले सरकारलाई दिएको विश्वासको मत फिर्ता लिँदासमेत प्रधानमन्त्रीले संवैधानिक प्रावधानबमोजिम विश्वासको मत परीक्षण संसद्मा गरिरहेका छैनन् । सरकार बनाउन आवश्यक संख्या रहेको तर्क सत्तारूढ दलको छ ।

प्रधानमन्त्री पद संसदीय अंकगणितसँग जोडिन्छ । बहुमत हुनेले सरकार चलाउँछ । यसको अनुमान गर्न सकिन्छ । तर परीक्षण अनुमानमा नभएर संसदमा हुन्छ । आवश्यक संख्या छ भने पनि त संसद्मा परीक्षण हुनुपर्छ । संविधानको यही मर्म छ भने प्रधानमन्त्रीले संख्या देखाएर उम्किन मिल्दैन । आगामी दिनमा संख्या देखाएर विश्वासको मत लिनबाट प्रधानमन्त्री उम्किने प्रवृति रोकिनेगरी सर्वोच्च अदालतले व्याख्या गरोस् ।

# वैदेशिक रोजगारको क्षेत्रमा गर्नुपर्ने काम

*वैदेशिक रोजगारी नेपालका लागि एक आवश्यकता र वास्तविकता हो । तर यसलाई सुरक्षित, व्यवस्थित र दिगो बनाउन सरकारको कदम अपरिहार्य हुन्छ...*

अग्रलेख



● ईश्वर बुढाथोकी

वैदेशिक रोजगारी नेपालको अर्थतन्त्र, समाज र सांस्कृतिक संरचनासँग गहिरो रूपमा जोडिएको विषय हो । आज नेपालका लाखौं युवा विदेशमा पसिना बगाइरहेका छन् र उनीहरूको मेहनतबाट आएको रेमिट्यान्स देशको मुख्य आर्थिक आधार बनेको छ । नेपालको कुल राष्ट्रिय उत्पादन (जिडिपी)मा रेमिट्यान्सको योगदान एक तिहाइभन्दा बढी रहेको तथ्यांकले देखाउँछ । तर, यसैमा मात्र गर्व गर्ने अवस्थाभन्दा पनि यसको दीर्घकालीन असर, वैदेशिक रोजगारीका कारण युवा शक्ति देशमै अभाव हुनु, श्रमिकको अधिकार हनन, शोषण र दुर्घटना, अनि सामाजिक संरचनामा परेको असर जस्ता पक्षलाई सम्बोधन गर्न आवश्यक छ । यसैले, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र दिगो बनाउन सरकारको भूमिका अपरिहार्य हुन्छ । सरकारले केवल वैदेशिक रोजगारीलाई रोजगारीको विकल्पको रूपमा मात्र होइन, अवसरलाई व्यवस्थित गर्न, दुरुपयोग र शोषणबाट बचाउन र श्रमिकको जीवनलाई सहज बनाउन ठोस कदम चाल्नु जरुरी छ ।

नेपालमा वैदेशिक रोजगारीको प्रवृत्ति बढ्नुको मुख्य कारण आन्तरिक बेरोजगारी हो । देशभित्र पर्याप्त रोजगारीका अवसर नहुनु, उद्योगधन्दाको विकास सुस्त हुनु, कृषि क्षेत्रमा आधुनिकता र व्यावसायिकताको कमी अनि राजनीतिक अस्थिरताले गर्दा युवाहरू बाध्यतावश विदेशिएका हुन् । यही कारणले उनीहरू श्रम गन्तव्य मुलुकमा कठिन र जोखिमपूर्ण काम गर्न विवश छन् । कतिपय अवस्थामा न्यून पारिश्रमिक, असुरक्षित वातावरण, पासपोर्ट खोस्ने वा जबरजस्ती काम गराउने जस्ता अमानवीय व्यवहारको सिकार हुनुपरेको छ । यसलाई सम्बोधन गर्न सरकारले कागजमा मात्र नीतिहरू नबनाई व्यवहारमै कार्यान्वयन गर्ने अवस्था ल्याउनुपर्छ ।

सबैभन्दा पहिला सरकारले वैदेशिक रोजगारी जाने प्रक्रिया सहज, पारदर्शी र दुरुपयोगविहीन बनाउनुपर्ने हुन्छ । हाल अनेकौं बिचौलिया र दलालहरूले श्रमिकलाई गलत सूचना दिई ठगी गर्ने, बढी पैसा असुल्ने र झुटा रोजगारका नाममा विदेश पठाउने गरेका घटनाहरू बारम्बार देखिन्छन् । यसलाई नियन्त्रण गर्न श्रम स्वीकृति प्रणालीलाई प्राविधिक रूपमा अझै आधुनिक बनाउनुपर्नेछ । अनलाइन प्रणाली, एकद्वार प्रक्रिया र स्पष्ट सूचना प्रणालीलाई मजबुत बनाउन सके श्रमिकले आवश्यक जानकारी सजिलै पाउनेछन् । सरकारले तालिम र भाषा कक्षा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ, जसले गर्दा श्रमिकलाई विदेशमा पुगेर आत्मविश्वासका साथ काम गर्न सजिलो हुन्छ ।

वैदेशिक रोजगारमा जाने नेपालीहरूको सबैभन्दा ठूलो चुनौती भनेको सुरक्षा हो । खाडी मुलुक वा मलेसियाजस्ता गन्तव्यमा धेरै नेपाली श्रमिकको मृत्यु, दुर्घटना वा स्वास्थ्य समस्या भएका समाचार बारम्बार सार्वजनिक हुन्छन् । कामको असुरक्षा मात्र होइन, आवास र खानपिनमा पनि कठिनाइ भोग्नु परिरहेको छ । सरकारले द्विपक्षीय सम्झौताहरूलाई कडाइका साथ लागू गर्ने व्यवस्था मिलाउनुपर्छ । प्रत्येक श्रमिकलाई कामको किसिम, पारिश्रमिक, छुट्टी, बिमा र स्वास्थ्य सेवाबारे स्पष्ट रूपमा लेखिएको श्रम सम्झौता उपलब्ध गराउनुपर्छ । यसरी भए मात्र श्रमिकको अधिकार सुरक्षित हुन्छ ।

यस्तै, श्रमिक दुर्घटनाग्रस्त वा मृत्यु भएमा क्षतिपूर्ति पाउने व्यवस्था अझै सहज बनाउनुपर्छ । हाल प्रचलित बिमा प्रणाली छ भने पनि त्यसलाई व्यवहारमै श्रमिकले समयमै पाउन सक्ने अवस्था छैन । श्रमिकका परिवारहरूले महिनौंसम्म धाउनु पर्ने अवस्था अन्त्य गर्न सरकारले सजिलो दाबी प्रक्रिया बनाउनुपर्छ । श्रमिकको मृत्युपछि परिवारलाई मात्र आर्थिक सहयोग होइन, मानसिक र सामाजिक सहयोगको समेत व्यवस्था हुनुपर्छ । यसका लागि श्रम कन्सुलर सेवा, दूतावास, र श्रमिक सहायतामार्फत शीघ्र प्रतिक्रिया प्रणाली स्थापना गर्न सकिन्छ । अर्को महत्वपूर्ण पक्ष भनेको वैदेशिक रोजगारीलाई अस्थायी समाधानको रूपमा मात्रै नहेरी, त्यसलाई दिगो विकासमा रूपान्तरण गर्ने हो । नेपाली श्रमिकले विदेशमा सिकेका सीपलाई देशमै प्रयोग गर्न सक्ने वातावरण सरकारले तयार गर्नुपर्छ । उदाहरणका लागि,



विदेशी रोजगारीबाट फर्केका श्रमिकलाई कृषि, उद्योग, पर्यटन वा सेवा क्षेत्रमा उद्यम गर्न प्रोत्साहन गर्नुपर्छ । ऋण र प्राविधिक सहयोगमार्फत पुनर्स्थापना कार्यक्रम सञ्चालन गरियो भने देशभित्र रोजगारी सिर्जना हुन्छ र युवाहरू पुनः बिदेसिनु पर्ने बाध्यता घट्छ ।

अहिले रेमिट्यान्स आएको तह हेर्दा निकै ठूलो छ । तर, रेमिट्यान्सको सदुपयोग हुन सकेको छैन । उपभोगमा मात्र सीमित नगरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सरकारले नीति बनाउनुपर्छ । अहिले रेमिट्यान्सको ठूलो हिस्सा उपभोगमै खर्च भइरहेको छ । सरकारले वित्तीय साक्षरता कार्यक्रम, आकर्षक बचत योजना र लगानीका अवसर सिर्जना गर्न सके श्रमिकको मेहनत देशको दीर्घकालीन विकासमा परिणत हुन्छ । योसँगै, वैदेशिक रोजगारीको तथ्यांकलाई व्यवस्थित गर्न पनि सरकार सक्रिय हुनुपर्छ । हालसम्म विभिन्न निकायमा फरक-फरक तथ्यांक छन् जसले नीति निर्माणलाई कमजोर बनाउँछ । त्यसैले श्रम प्रस्थान, फर्किने श्रमिक, रेमिट्यान्सको प्रयोगजस्ता पक्षमा एउटै तथ्यांक प्रणाली विकास गर्न जरुरी छ ।

विदेशमा रहेका नेपालीहरूको हकहित सुनिश्चित गर्न सरकारको कूटनीतिक भूमिका पनि महत्वपूर्ण हुन्छ । दूतावास र श्रम कन्सुलर कार्यालयलाई अझै प्रभावकारी बनाउन, दूतावासमा पर्याप्त कर्मचारी पठाउन र श्रमिकले सजिलै सम्पर्क गर्न सक्ने व्यवस्था मिलाउनुपर्छ । कतिपय अवस्थामा दूतावासहरूले श्रमिकका समस्यामा ढिला प्रतिक्रिया दिने गरेको आलोचना हुने गरेको छ । त्यसैले श्रमिकमैत्री कूटनीतिक अभ्यास आवश्यक छ ।

नेपाल सरकारको अर्को कदम वैदेशिक रोजगारीका गन्तव्यलाई विविधीकरण गर्नु पनि हो । हाल प्रायः श्रमिकहरू खाडी मुलुक, मलेसिया वा कोरियामा मात्र केन्द्रित छन् । यद्यपि, विश्वमा श्रमिकको माग विभिन्न क्षेत्रमा बढ्दो छ, जस्तै : स्वास्थ्य सेवा, सूचना प्रविधि, शिक्षा वा अन्य प्राविधिक काम । सरकारले सीपयुक्त श्रमिक तयार पारेर युरोप, अमेरिका वा जापान जस्ता मुलुकमा पठाउने व्यवस्था मिलाउनुपर्छ जसले गर्दा पारिश्रमिक पनि उच्च हुन्छ र श्रमिकको जीवनस्तर सुधारिन्छ ।

सामाजिक प्रभावलाई पनि सरकारले सम्बोधन गर्नुपर्ने हुन्छ । वैदेशिक रोजगारीका कारण गाउँघरमा वृद्ध वृद्धा र बालबालिका मात्र हुने अवस्था बढ्दो छ । यसले सामाजिक संरचना कमजोर बनाइरहेको छ । परिवार विखण्डन, सम्बन्ध बिग्रनु, र मानसिक

> *सबैभन्दा पहिला सरकारले वैदेशिक रोजगारी जाने प्रक्रिया सहज, पारदर्शी र दुरुपयोगविहीन बनाउनुपर्ने हुन्छ । हाल अनेकौं बिचौलिया र दलालहरूले श्रमिकलाई गलत सूचना दिई ठगी गर्ने, बढी पैसा असुल्ने र झुटा रोजगारका नाममा विदेश पठाउने गरेका घटनाहरू बारम्बार देखिन्छन्...*

समस्या जस्ता प्रभावहरू देखिएका छन् । सरकारले यसलाई सामाजिक सुरक्षा कार्यक्रम, मनोसामाजिक परामर्श र परिवारलाई सहयोग गर्ने माध्यममार्फत सम्बोधन गर्नुपर्छ ।

वैदेशिक रोजगारीलाई सरकारको दीर्घकालीन रोजगार रणनीतिसँग जोड्नुपर्ने हुन्छ । केवल वैदेशिक रोजगारीलाई प्राथमिक समाधानको रूपमा निर्भर रहने अवस्था अन्त्य गरेर देशमै अवसर सिर्जना गर्नेतर्फ सरकार गम्भीर हुनुपर्छ । उद्योग, कृषि, पर्यटन, जलविद्युत् र सूचना प्रविधि जस्ता क्षेत्रमा लगानी बढाएर सरकारले लाखौं युवालाई देशमै समेट्न सक्छ । यसरी भए मात्र नेपालले आफ्नो युवा शक्ति बाहिर धकेल्ने होइन, देशकै विकासमा प्रयोग गर्ने दिशा लिन सक्छ ।

निष्कर्षमा, वैदेशिक रोजगारी नेपालका लागि एक आवश्यकता र वास्तविकता हो । तर यसलाई सुरक्षित, व्यवस्थित र दिगो बनाउन सरकारको कदम अपरिहार्य हुन्छ । श्रमिकको अधिकार सुरक्षित गर्ने, प्रक्रियालाई पारदर्शी बनाउने, सीप र रेमिट्यान्सलाई देशकै विकासमा उपयोग गर्ने, र सामाजिक प्रभावलाई सम्बोधन गर्ने सरकारका प्राथमिक कार्यहरू हुनुपर्छ । यसरी मात्र वैदेशिक रोजगारीले व्यक्तिगत र परिवारको जीवनस्तर उकास्नुका साथै राष्ट्रिय विकासमा सकारात्मक योगदान दिन सक्छ ।

***(बुढाथोकी, वैदेशिक रोजगारीको क्षेत्रमा आबद्ध छन् ।)***

## इतिहासमा आज

२४ अगस्ट २०१० मा हेनान एयरलाइन्सको उडान ८३८७ चीनको हेइलोङजियाङको यिचुनस्थित यिचुन लिन्दु विमानस्थलमा दुर्घटनाग्रस्त भएको थियो । जसमा ९६ जना सवार थिए ।



२४ अगस्ट २०१६ मा मध्य इटालीमा ६.२ म्याग्निच्युडको भूकम्प गएको थियो । जसको झट्का रोम र फ्लोरेन्ससम्म महसुस गरिएको थियो । जुन भूकम्पमा परी करिब ३०० जनाको मृत्यु भएको थियो ।



२४ अगस्ट २०१७ मा ताइवानको राष्ट्रिय अन्तरिक्ष एजेन्सीले अवलोकन उपग्रह फर्मोस्याट-५ सफलतापूर्वक अन्तरिक्षमा प्रक्षेपण गरेको थियो ।



२४ अगस्ट २०२३ मा जापानले आधिकारिकरूपमा फुकुशिमा दाइची आणविक ऊर्जा केन्द्रबाट प्रशोधित रेडियोधर्मी पानी प्रशान्त महासागरमा छोड्न थालेको थियो । जसले अन्तर्राष्ट्रिय चासो र निन्दा निम्त्याएको थियो ।



## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

उहिल्यै देखि हो नीति बनाउन जानेको तर नैतिकता भन्ने कुन चराको नाम हो नजानेको। नयाँहरूले नैतिक शिक्षा विद्यालय स्तर देखिनै नपढेको भए पनि अल्लि थोत्रा धोत्राहरूले त अलि अलि पढेको सुनेको हुनुपर्ने हो। नैतिकवानहरूले राजनीति गरेको भय त देश र जनता उच्चस्तरीय हुन्थे।

जनताको सम्पत्तिको नाममा बैंक ब्यालेन्स, खेतबारी, घर घडेरी, सेयर भएजस्तै राज्यको पनि सम्पत्तिको भनेको सञ्चित कोषको पैसा, राष्ट्रिय वन, सार्वजनिक जग्गा, भवन, देशी विदेशी संस्थाको सेयर नै हो । मुलुकको ढुकुटी त दोहन गरिरहेकै थिए । अब कानुन बनाएरै वन र सार्वजनिक जग्गा पनि सिध्याउने भए ।



**रञ्जित तामाङ**



**डम्बर खतिवडा**

एकल होस् वा संयुक्त,आलोपालो वा गठबन्धन ३६ वर्षदेखि तिमिहरू सत्तामा छौं-देशभक्तिको परीक्षा कसको लिइरहेका छौं?राष्ट्र वादको प्रवचन कसलाई सुनाई रहेका छौं ? तिम्रा दम,तागत र खुट्टी जे गर्ने हैसियत राख्छ गरेर देखाऊँ-बकबक र बकवास कति हो ? नक्सामा चुच्चो थप्दैमा कर्तव्य पूरा भो ?

राजदूत भएर दिल्ली र बेइजिङमा बसेर डलरमा तलब खाने ! बसुन्जेल केही नबोल्ने, लेखापढी नगर्ने उल्टै मोदी र सि जिङपिङभन्दा बढ्ता प्रो भारतीय र चिनिया बन्ने अनि अहिले यिनैलाई फेरी रोटी सेक्न कति हतारो ! मिडियामा सबै भन्दा क्रान्तिकारी फेरी यिनै ! ए दैव के के देख्नु र सुन्नु पर्छ !



**अनिल गिरी**

# कहिल्यै निको नभएको घाउ !

विचार



● खिमराज गिरी

> *सीमा विवाद केवल भूगोलको प्रश्न होइन, यो राष्ट्रिय पहिचान, सम्मान र अस्तित्वसँग जोडिएको विषय हो । यसको स्थायी समाधान नखोज्ने हो भने यो घाउ झनै बल्झिरहनेछ । त्यसैले, नेपालले अन्तर्राष्ट्रिय कूटनीति, राष्ट्रिय एकता र जनस्तरमा दबाबमार्फत आफ्नो सार्वभौम अधिकार सुरक्षित गर्ने ठोस रणनीति बनाउनै पर्छ...*

फेरि एक पटक लिपुलेकको विषयले नेपालीलाई चस्स छोएको छ । भारतसँगको सीमा विवाद एक नमेटिने घाउजस्तै बनेको छ, जुन बेला-बेलामा बल्झिरहन्छ । नेपाल र भारतबिच छिमेकी मात्र नभई पारिवारिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्बन्धहरू छन् । तर, यी सम्बन्धहरूलाई पछि पार्दै सीमा विवाद पुरानै तरिकाले गहिरिँदै गएको छ ।

सन् १८१६ को सुगौली सन्धिपछि नेपालले ठूलो भूभाग गुमायो, तर लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र ऐतिहासिक रूपमा नेपालकै भूमि हो भन्नेमा कुनै विवाद छैन । अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीको पहलमा नेपालको नक्सामा उक्त भूभाग समेटिएको हो । तर, व्यवहारमा भारतले त्यसलाई आफ्नो क्षेत्र ठान्दै आएको छ । हालै भारत र चीनबिच लिपुलेक हुँदै व्यापारिक मार्ग खोल्ने सहमति हुनु नेपालको सार्वभौमिकतामाथिको गम्भीर हस्तक्षेप हो ।

नेपालमा राजनीतिक अस्थिरता, नेतृत्वको अपरिपक्वता, दलहरूबिचको बैमनस्यता र राष्ट्र हितभन्दा सत्ता लिप्सामा केन्द्रित सोचका कारण भारत र चीनले यस्तो सम्झौता गर्दा नेपाललाई बेवास्ता गरिएको हो । भारतले नेपालको विभिन्न ठाउँमा सीमा मिच्दै आएको छ, तर नेपाली नेताहरू सत्ताको खेलमा व्यस्त छन् । परिणामतः सीमा मिचिएको कुरा जनस्तरसम्म आउँछ, तर सरकारी तहबाट ठोस प्रतिक्रिया आउँदैन ।

सानो र कमजोर देशलाई हेप्ने प्रवृत्ति अहिलेको विश्व राजनीति र कूटनीतिको कठोर यथार्थ हो । युक्रेन-रुस, इजरायल-प्यालेस्टाइन, भारत-पाकिस्तानजस्ता ठूला उदाहरणहरूले पनि देखाउँछ कि सानो राष्ट्रहरू शक्ति राष्ट्रहरूको स्वार्थको खेलमैदान बन्न बाध्य छन् । भारतले नेपालका प्रधानमन्त्रीलाई भ्रमणको निम्तो दिए पनि त्यसपछि चीनसँग मिलेर नेपालकै भूभाग प्रयोग गर्दै व्यापारिक सम्झौता गर्नु सानो राष्ट्रप्रतिको हेपाहा प्रवृत्तिको स्पष्ट संकेत हो ।


नेपालगञ्ज नजिक भारतीय सीमावर्ती क्षेत्रमा बस्ने नेपालीहरूको अवस्था झन दयनीय छ । आफ्नै भूभागमा जान भारतीय सुरक्षा बलको अनुमति चाहिने, गुण्डागर्दीको कारण जनजीवन अस्तव्यस्त हुने, जग्गाको लालपुर्जा भारतीयको कब्जामा पर्न थालेको अवस्था निकै चिन्ताजनक छ । सीमावासी नेपालीहरू दशकौंदेखि अन्यायमा परिरहेका छन् ।

यस अवस्थाको मूल कारणहरूमा पहिलो, नेपालको सानो भूगोल र कमजोर अर्थतन्त्र; दोस्रो, राजनीतिक अस्थिरता, नातावाद, कृपावाद र दलीय स्वार्थ; तेस्रो, बुद्धिजीवी वर्गको निष्क्रियता; र चौथो, युवा वर्गको विदेश पलायन हुन् । देशभित्र रोजगारी सिर्जना नहुनु र दीर्घकालीन नीतिको अभावले युवाहरू वैदेशिक रोजगारीमा पलायन भइरहेका छन् । जब देशकै चिन्ता गर्ने सक्षम जनशक्ति बाहिरिन्छ, तब राष्ट्रिय विषयमा चासो कसले दिने ?

सीमा विवाद केवल भूगोलको प्रश्न होइन, यो राष्ट्रिय पहिचान, सम्मान र अस्तित्वसँग जोडिएको विषय हो । यसको स्थायी समाधान नखोज्ने हो भने यो घाउ झनै बल्झिरहनेछ । त्यसैले, नेपालले अन्तर्राष्ट्रिय कूटनीति, राष्ट्रिय एकता र जनस्तरमा दबाबमार्फत आफ्नो सार्वभौम अधिकार सुरक्षित गर्ने ठोस रणनीति बनाउनै पर्छ ।

सामाजिक सञ्जालमा राष्ट्रवादको खोक्रो प्रदर्शन गर्ने दल र नेताहरूले अब व्यवहारमै राष्ट्र हितका पक्षमा काम गर्नुपर्छ । विगतमा एमसिसीलगायतका विवादमा मौन बस्नेहरूलाई अब आफ्नो औकात व्यवहारमै देखाउने समय आएको छ । भूभाग नक्सामा मात्र सीमित नहोस्, जनजीवन पनि सुरक्षित होस् । नेतादेखि जनता र बुद्धिजीवीसम्म सबै सचेत र जिम्मेवार बन्नु आवश्यक छ । नत्र, यो 'कहिल्यै निको नभएको घाउ' अझ गहिरिँदै जान्छ, बल्झँदै जान्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.



# निराशाको राजनीति अब चल्दैन

## राप्रपाभित्र विवाद छ, तर फुटको तहमा होइन

मुलुकको राजनीतिप्रति आमरूपमा बढेको वितृष्णा अझै कम हुन सकेको छैन । स्थिरता विकास, सुशासन र सेवाप्रवाहमा गुणस्तर बढाउने र राजनीतिप्रतिको वितृणा कम गर्ने विषयलाई मुख्य एजेन्डा बनाएर देशका दुई ठुला दलबीच सत्ता समीकरण भएपछि नागरिकमा केही आशा जागेको थियो । आशालाई उत्साहमा परिणत गर्दै परिणाम दिनेगरी सरकारले काम गर्छ भन्ने अपेक्षालाई ठुला दलहरूले पूरा गर्न नसक्दा राजनीतिक रुपमा सरकारप्रति आलोचना बढ्दो छ । प्रतिपक्षिसहित सत्तापक्षकै सांसदहरूसमेत सरकारप्रति तीव्र असन्तुष्टि जनाउँदै आएका छन् । दलहरूबीचको आन्तरिक समस्या उस्तै छ । पछिल्लो पटक संसदको पाँचौं ठुलो दल राष्ट्रिय प्रजातन्त्र पार्टीभित्र बढेको विवादले तनावपूर्ण स्थिति उत्पन्न भएको छ । राप्रपाले उठाउँदै आएको राजसंस्थासहित हिन्दुराज्यको एजेन्डालाई नागरिकले सहज स्वीकार गरेको देखिँदैन। तर पनि राप्रपा आफ्नो एजेण्डालाई नागरिकमाझ सशक्त बनाउने अभियानमै छ । यी सन्दर्भमा रहेर राप्रपाका वरिष्ठ उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य बुद्धिमान तामाङसँग मध्यान्ह दैनिकका लागि जीवन शर्माले गरेको कुराकानीको सम्पादित अंश :

**बुद्धिमान तामाङ**, वरिष्ठ उपाध्यक्ष, राप्रपा

**वर्तमान राजनीतिलाई कसरी विश्लेषण छ ?**

अहिलेको राजनीतिभन्दा पनि देशमा सुशासन भएन । जनतामा डेलिभरी भएन । भ्रष्टाचारको चरम सीमा नाघिसक्यो । यस्तो किसिमको भ्रष्टाचार मैले आफ्नो राजनीतिक जीवनमा देखेको थिइनँ । पैसा नभई एउटा सिंगो पनि नभाँच्ने स्थिति आइसक्यो । अहिलेको शासनमा मात्रै होइन, जनता पनि ठिक भएनन् । जनता पनि यो मान्छे राम्रो छ । यसले हाम्रो विकास गर्छ भन्ने हिसाबले सोच्न छाडिसके । सुशासनको कमी देखिएको छ । डेलिभरीको कमी छ । यसले गर्दा राजनीतिभन्दा पनि हाम्रो अर्थनीति खतम भएको देख्छु । यसले आमनागरिकमा वितृष्णा बढाएको छ । अहिले संसारमा नभएको काम नेपालमा भएको छ । एक नम्बर पार्टीलाई तिमीले सरकार बनाउ र दुई नम्बर पार्टी तिमीले गभर्मेन्ट है अर्कोपटकलाई बस है भनेर जनताले मत दिएका हुन् । तर यहाँ त दुईवटै ठुला दल मिलेर सरकार बनाएका छन् । यो संसारमा कहीँ नभएको कुरा भएको छ ।

**यो सरकार राजनीतिक स्थिरता र सुशासनका लागि भनेका छन् नि ?**

स्थिरता सुशासनका भनेर यो सरकारका नारा मात्रै हो । त्यसको वास्तविक कुरा आफ्नो पद र पार्टीलाई बलियो बनाउन अनि जनतामा शासन गर्नलाई हो । अरू कुरा केही पनि होइन । यो राजनीतिक सिद्धान्तको खिलाफमा छ । अब टु पार्टी सिस्टमको व्यवस्था ल्याउन खोजेजस्तो देखिन्छ । तपाईंलाई म एउटा कुरा भन्दिन्छु अब २०८४ सम्म यो दुइटा पार्टी मिलेर चुनाव लड्न सक्छन् । कांग्रेस र एमाले मिल्न सक्ने अवस्था आउन सक्छ । तर, त्यस्तो भयो भने रिजल्ट नेगेटिभ आउँछ । नसोचेको पार्टी एक नम्बर आउँछ यिनीहरू दुई नम्बर जान्छन् ।

**नागरिकस्तरमै त्यो खालको सुझबुझ भएन भन्नुभएको हो ?**

इन फ्याक्ट कुरा गर्दा नागरिकमा यो ठिक यो बेठिक मान्छे हो भन्ने बुझाइ भएन । नागरिकले कसले पैसा बढी दिन्छ, त्यसलाई नै भोट दिने अवस्था आयो । पैसा नदिनेले भोट नपाउने स्थिति आयो । यो चाहिँ बडो डरलाग्दो कुरा हो । अर्को कुरा हामी पार्लियामेन्टमा आइपुगेका छौं । यहाँ त के राजनीतिक सिद्धान्त नै के भइरहेको छ भने पैसाले पद किन्ने, पद भएपछि पैसा कमाउने, पैसा कमाएपछि फेरि पद किन्ने यसको विकास भयो । यो किसिमको जुन प्रवृति विकास भएको छ यसको अन्त्य गर्नुपर्छ । यसको अन्त्य गर्न पहिलो कुरा त चुनावी प्रक्रियामै सुधार हुनुपर्छ ।

**सांसदहरू कानुन निर्माणमा त्यति सचेत देखिएनन् । किन यस्तो भइराखेको छ ?**

तपाईंले इंगित गर्न खोज्नुभएको राज्य व्यवस्था समितिबाट पारित गरिएको निजामती कर्मचारी विधेयकको कुलिङ अफ पिरियडसम्बन्धी होला । त्यो समितिको उपसमितिमै थिए । हामीले एक वर्ष राखौं भनेर लिएर आयौं । तर त्यहाँ समितिले एक वर्ष होइन दुईवर्षे गर्ने भन्ने भयो । अर्को कर्मचारीको उमेरहद ६० वर्ष गर्नुपर्छ भन्ने कुरामा अलि मत बाँझिएको हो । तर कुलिङ पिरियडमा कसैको मत बाँझिएको थिएन । हामीले एक मतका साथ पास गरेको यो विषयमा कर्मचारी तहबाट बदमासी भयो । त्यसमा सकारको नेतृत्वकर्ता दल नेकपा एमालेले भूमिका खेलेको प्रस्ट देखिएको छ । राष्ट्रिय सभामा हालेको संशोधन प्रस्तावले त्यसलाई पुष्टि गरिसकेको छ । मुख्यसचिवलगायत कर्मचारी अहिले पनि कुलिङअफ पिरियडका विपक्षमा खुलेरै लागेका छन् । उनीहरूले प्रधानमन्त्रीलाई नै कन्भिन्स गराएको छ । निजामती कर्मचारीसम्बन्धी विधेयकमा कुलिङअफ पिरियडको विपक्षमा एमाले सरकार नै लागेको छ । अझ यसमा वेतनधारी कर्मचारीको संगठन हुनुहुँदै न भन्ने मेरो धारणा थियो । यस विषयमा समितिको बैठकमा मैले नोटअफ डिसेन्ट नै लेखेको छु । हामीले धेरै छलफल गरेर पास भएपछि तपाईंले गर्नु भनेर हामीले लेखेर कर्मचारीको जिम्मामा छोड्यौं । तर दफामा बाहेक भन्ने थपेर आएका कारण यो समस्या भएको हो ।

**समग्रमा सांसदहरूले कानुन बनाउने कुरामा अलि कताकता अल्झिएको जस्तो देखियो नि होइन ?**

हाम्रो समितिबाट चाहिँ धेरै नै काम भएको छ । हामीले भ्रष्टाचारसम्बन्धी ऐन बनायौं । अख्तियारको विधेयकमा पनि व्यापक छलफल भएर अघि बढेको थियो । समितिले पास गरेर पठाए पनि पनि अहिले रोकिरहेको छ । संवैधानिक अंगको काम कर्तव्य अधिकारसम्बन्धी विधेयक पेस भएको छ । नागरिकता विधेयक पास भइसक्यो ।

हाम्रो समितिमा निजामती विधेयकको कुलिङअफ पिरियडमा समस्या नआएको भए प्रहरीसम्बन्धी विधेयक पनि आइसक्थ्यो । अन्य समितिहरूबाट आउनुपर्ने विधेयक पनि आएकै छन् । तर संसदमा चाहिँ नागरिकका कामभन्दा एकआपसमा आरोप प्रत्यारोप र पक्ष विपक्षमा भएर समय खर्च भइरहेको कुरा सत्य हो । सांसदहरूले पनि जनतालाई आफ्नो काम कानुन बनाउने हो भनेर बुझाउन सकेका छैनन् । त्यसो हुँदा जनताका सबै काम र सबैखालका समस्या समाधान सांसदहरूले नै गर्ने हो भन्ने बुझाइका कारण समस्या छन् ।

**तपाईंहरूले उठाउँदै आएको राजासहितको हिन्दु राज्यको एजेन्डा आमनागरिकसम्म पुऱ्याउन सक्नुभएन अथवा नागरिकले अस्वीकार गरे ?**

यो हाम्रो एजेन्डा हो । नागरिकसम्म नपुगेको पनि एउटा कुरा हो । दोस्रो कुरा कम्पेरिजन गर्नुपर्छ । हाम्रोजस्तो भूराजनीति भएको देशमा राजसंस्था चाहिन्छ । जनताबाट निर्वाचित जनप्रतिनिधिले, जनताको छोराले शासन गर्ने हो । राजा एउटा एकताको प्रतीक हुन्छ । राजा हामी सबैको एकताको प्रतीक हुनुपर्छ भन्ने हाम्रो भनाइ हो ।

समय परिस्थितिअनुसार हामीले आफ्ना कार्यक्रम जनतामाझ लगेकै छौं । बर्खायाम भएकाले तल्लो तहसम्म जान सकेका छैनौं । बर्खा सकिएपछि हाम्रो अभियानले आकार लिन्छ । तर गणतन्त्रवादी साथीहरूले राजसंस्था भनेको महेन्द्रले जुन 'कु' गरे त्यो नै हो भनेर भनिराखेका छन् । २१औं शताब्दीमा त्यो सम्भव छैन । त्यस कारण हाम्रो एजेन्डा कमजोर हुँदैन । यो समयले बिस्तारै ल्याउँछ । अस्ति एक चरणसम्म पुगिसकेको थियो । तर, चैत १५ गतेको जुन घटना घट्यो त्यसले समस्या बनायो । त्यहाँ हाम्रो पार्टीले नेतृत्व गरेको होइन । केही नेताहरू जानुभएको थियो, हाम्रो समर्थन मात्रै थियो । तर त्यो आन्दोलनलाई गलत ढंगले सरकारले ज्यादती गऱ्यो । यसले बडो नराम्रो असर परेको छ ।

**पार्टीभित्र नेताहरूको जिम्मेवारी खोस्ने, कारबाही गर्ने स्थिति के कारणले निम्तियो ?**

हाम्रो अध्यक्षलाई विभागको प्रमुख को बनाउने, कसलाई राख्ने, कसलाई हटाउने, महामन्त्रीलाई के काम दिने भन्ने अधिकार हाम्रो विधानले व्यवस्था गरेको छ । त्यहीअनुसार हामीले उहाँलाई जिम्मेवारी दिएका छौं । त्यहीअनुसार जिम्मेवारी हेरफेर गर्नुभएको हो । यसमा कतिपयलाई चित्त बुझेन होला । कहिले कहिले कस्तो हुन्छ भने कुनै चिज ठिक टाइममा भए औषधि हुन्छ । बेठिक टाइममा पोइजन हुन्छ । यो बेठिक टाइम पऱ्यो । यस्तो निर्णय गर्दा कुनबेला गर्नुपर्छ भनेर सोच्नुपर्ने कुरा चाहीँ हो ।

**यसले पार्टीमा ठुलै हलचल ल्याएको छ नि होइन ?**

हरेक पार्टीमा दुई समूह बन्छ नै । त्यो सामान्य कुरा हो । एउटा जीवन्त पार्टीमा स्वाभाविक गुट हुन्छ । पहिला पनि हाम्रो लोकेन्द्रबहादुर र अर्को गुट थियो । निर्दलीय पञ्चायत व्यवस्थामा त उदारवाद र अनुदारवादको दुई खेमा हुन्थ्यो । सूर्यबहादुर उदारवाद भन्नुहुन्थ्यो, त्यसभन्दा अर्को खेमामा रहेकाले अनुदारवाद भन्थे । हामीले नै भन्थ्यौं त । त्यसकारण हिजो निर्दलीय व्यवस्थामा यो हुन्थ्यो भने आज नहुने भन्ने कुरा त रहेन नि ।

**आगामी दिनमा पार्टीलाई एकताबद्ध बनाएर लैजाने र आफ्ना एजेन्डा सशक्त बनाउने केही विधि छन् ?**

हाम्रो यही मंसिरमा चारवर्षे कार्यकाल सकिने भएकाले महाधिवेशन हुन्छ । एक वर्ष थप्न पाउने व्यवस्था पार्टी विधानमा छ । त्यति मात्र होइन अर्को सानो पार्टी मिसिन आए पनि फेरि थप गर्न सकिन्छ । तर, हामी चाहिँ यो सबै कुरा महाधिवेशन छिनफानो गर्ने भनेर महाधिवेशन अगाडि बढाएका छौं । असोजभित्र जिल्ला अधिवेशन सम्पन्न गर्ने भनेर लागेका छौं । जिल्ला अधिवेशन सम्पन्न भएपछि महाधिवेशन गर्न केही समस्या छैन । महाधिवेशनले सबै समस्या समाधान गर्नेगरी सांगठनिक, वैचारिक र एजेन्डागत विषयमा बहस हुन्छ । नयाँ नेतृत्व चयन हुन्छ । त्यसपछि हामी आन्तरिक समस्या समाधान गर्दै सशक्त भएर जनतामाझ जान्छौं ।

Government of Nepal
Ministry of Urban Development
**Urban Resilience and Livability Improvement Project**
**Project Implementation Unit**
Lumbini Cultural Municipality
Office of the Municipal Executive
Lumbini, Rupandehi

**Notice Of Intention For Award Of Contract**

Date of Publication: 2082-05-08 (24th Aug, 2025)

Lumbini Cultural Municipality, Office of the Municipal Executive, Urban Resilience and Livability Improvement Project (URLIP), Project Implementation Unit (PIU), Lumbini , Rupandehi informs all concerned bidder who submitted their bids invited under IFB URLIP/LUM/CW-05, published on 2nd March, 2025 in "Madhayan Daily" that the "letter of Intent" has been issued for following bidder have been lowest evaluated substantially responsive bid price, pursuant to clause 27(2) of Public Procurement Act 2007 and ITB 41.1 and ITB 46.1.

| S. N. | Contract Id | Bidder Name and Address | Evaluated Bid Price including VAT and PS. |
|---|---|---|---|
| 1. | Lumbini Municipal office Building with access road, footpath and street improvement. (URLIP/LUM/CW-05) | Contech-Babul-NB JV, Butwal-11, Rupandehi, Nepal | NRs. 257,086,698.48 |

**Chief Administrative Officer**

# आन्दोलनरत पक्षद्वारा गौरमा मसाल जुलुस प्रदर्शन



**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
गौर, ७ भदौ

रौतहटको गौर हत्याकाण्डको अनुसन्धान अघि बढाउन सर्वोच्च अदालतले दिएको परमादेशविरुद्ध रौतहट गौरमा मसाल जुलुस प्रदर्शन गरिएको छ ।

गौरको बिपी चोकमा सुरक्षा व्यवस्थाबीच सुरु भएको जुलुस जिल्ला प्रहरी कार्यालय हुँदै अस्पताल चोकसम्म पुगेको थियो ।

सर्वदलीय सर्वपक्षीय भेलाले यसअघि सार्वजनिक गरेको आन्दोलनका कार्यक्रमअन्तर्गत यस पटकको विरोध प्रदर्शन गरिएको हो ।

प्रदर्शनपूर्व नै व्यापक सुरक्षा व्यवस्था मिलाइएको भएपनि प्रदर्शनका क्रममा प्रहरी संयमित देखिएको स्थानीयहरूले बताएका

**गौर हत्याकाण्ड**

छन् । मसाल जुलुसपछि आयोजित कोण सभालाई सम्बोधन गर्दै नेकपा समाजवादीका नेता रेवन्त झाले गौर राइस मिल घटना तत्कालीन माओवादीहरूको ज्यादतीविरुद्ध नागरिक प्रतिरोधको परिणामस्वरूप भएको आरोप लगाए । उनले क्रान्तिको क्रममा भएका घटनालाई अदालती प्रक्रियामै लैजानु उपयुक्त नहुने बताउँदै भने, 'यदि क्रान्तिको क्रममा भएका घटनालाई अदालतमा लैजाने हो भने बृहत् शान्ति सम्झौता र १२ बुँदे सम्झौता नै खतरामा पर्न सक्छन् र देशमा भाडभैलो मच्चिन सक्छ ।'

उनले माओवादीका तत्कालीन नेता प्रभु साहको हठ र दम्भकै कारण गौरमा दुखद घटना भएको दाबी गर्दै निर्दोषलाई फसाउने खेल भइरहेको आरोप लगाए । साथै, राजनीति सम्बन्धी मुद्दालाई राजनीतिक रुपमा नै सम्बोधन गर्नुपर्ने उनले माग गरे ।

आन्दोलनरत पक्षले आइतबार गौरमा बृहत् विरोध प्रदर्शन गर्ने तयारी गरेको छ । त्यसको पूर्वसन्ध्यामा मसाल जुलुस प्रदर्शन गरिएको हो ।

मसाल जुलुसमा जसपा नेपाल, लोसपा, समाजवादी पार्टीलगायतका दलहरूका साथै नागरिक समाजको समेत सहभागिता रहेको आयोजकले जनाएको छ ।

# मधेश प्रदेशका मुख्यमन्त्री सिंह मलेसियामा



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ७ भदौ

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह गैर आवासीय नेपाली संघ (एनआरएनए) मलेसियाद्वारा आयोजना हुने हरितालिका तीज विशेष कार्यक्रमलाई सम्बोधन गर्न शनिबार बिहान मलेसिया पुगेका छन् ।

मुख्यमन्त्री सिंहलाई स्वागत गर्न क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली राजदूतावास मलेसियाका महामहिम राजदूत नेत्रप्रसाद तिमल्सिनाका प्रतिनिधि, गैरआवासीय नेपाली संघ मलेसियाका अध्यक्ष राकेश प्रसाद महतो, महासचिव विष्णु बराल, सचिव उमेश महतो, मलेसियास्थित पत्रकार टोली तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू पुगेका थिए ।

सिंहले मलेसियामा कार्यरत नेपाली कामदारहरूको अवस्था, समस्या र अनुभवबारे जानकारी लिने र आवश्यक पहल गर्ने विभिन्न कार्यक्रममा समेत सहभागिता जनाउने सचिवालयले जानकारी दिएको छ । मधेश प्रदेश सरकारका अनुसार, सिंहको यस भ्रमणले वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकहरूको वास्तविक अवस्था बुझ्न र तिनको हकहितमा ठोस पहल गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी, हरितालिका विशेष सांगीतिक कार्यक्रममा लोकप्रिय गायिका अञ्जिला रेग्मी, मिसेल घिमिरे, झरना रिसाल, बार्सा राई, सामा देवानलगायतका कलाकारहरूले प्रस्तुति दिने कार्यक्रम रहेको छ ।

गैरआवासीय नेपाली संघ मलेसियाका अध्यक्ष राकेश प्रसाद महतोका अनुसार कार्यक्रमले मलेसियामा कार्यरत नेपाली चेलीबेटीलाई माइतीघरको आभास दिलाउने मात्र नभइ नेपाली समुदायलाई मनोरञ्जन, सामाजिक सद्भाव र मेलमिलापको अवसर पनि प्रदान गर्नेछ ।

कार्यक्रम भदौ ६ गते साँझ ६ बजेदेखि राति १० बजेसम्म क्वालालम्पुरस्थित होटल ग्राण्ड कन्टिनेन्टलको सभाहलमा आयोजना हुने तय भएको आयोजकले जनाएको छ ।

# लम्पी स्किन रोगविरुद्ध खोप अभियान

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ७ भदौ

सिरहाको भगवानपुर गाउँपालिकामा पशु शाखाले लम्पी स्किन रोग नियन्त्रणका लागि द्रुत गतिमा खोप लगाउने अभियान सुरु गरेको छ । पशु शाखा प्रमुख रामसुन्दर दासको नेतृत्वमा पशु चिकित्सकहरूको टोली गाउँका प्रत्येक वडामा पुगेर किसानहरूको गाईभैंसीलाई लम्पी स्किन रोगविरुद्धको खोप लगाइरहेको छ । साथै, बाख्राका लागि समेत खोप लगाउने काम भइरहेको पशु सहायक डाक्टर रामकुमार पण्डितले जानकारी दिए ।

उनका अनुसार गाउँपालिकाभर खोप कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिनेछ र आवश्यक अन्य उपचार सेवा पनि दैनिक आधारमा उपलब्ध गराइनेछ ।

पशु शाखाले किसानलाई सतर्क रहनुका साथै गोठ सरसफाईमा विशेष ध्यान दिन आग्रह गरेको छ ।

**साउदी र युएईमा रोजगार**

कम्पनी : SRACO human resources co. — शहर: Dammam
पूर्व स्वीकृत मिति : २०८२/०५/०५ — चलानी नं.: ६०२४३५५१ — LT. No.: 329408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 22 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Modern Building Contracting Co LLC BR Dubai — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२१ — चलानी नं.: ६०२३७१७७ — LT. No.: 323055 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 54 | 0 | स. काममा दक्ष | 1100 | ४१,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SERVICE TIME BUILDING MAINTENANCE LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/१९ — चलानी नं.: ६०२३६८३० — LT. No.: 322870 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger | 1 | 0 | | 1000 | ३८,०५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4641707 (6 Line), www.shikharmanpower.com.np

# टोखामा भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

काठमाडौंको टोखामा बृहत् सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ । शनिबार टोखा नगरपालिकाको आयोजना तथा स्वीकृति इभेन्ट म्यानेजमेन्ट काठमाडौंको संयोजनमा टोखा नगरपालिकाको तिलिङ्गाटार माविको प्राङ्गणमा बाल्यकालको झल्को दिने 'उबेलाको तीज' शीर्षकमा बृहत् सांस्कृतिक कार्यक्रम आयोजना गरिएको हो ।

वडा नम्बर ७ का अध्यक्ष नरोत्तम रानाको सभापतित्वमा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले गरेका हुन् ।

कार्यक्रममा विगतदेखि सांगीतिक क्षेत्रमा ख्याति कमाएका कलाकार प्रेमराजा महत, राम प्रसाद खनाल, शिव नारायण जोशी, चन्द्रकला शाहा, अमर बिरही गुरुङ, प्रजापति पराजुली, नारायण रायमाझी, हरिदेवी कोइराला, शान्ति गुरुङ, पुरुषोत्तम न्यौपाने, बालुमाया पुन, दुर्गा रायमाझी, नारायण लेकाली, इन्द्र जिसी, खड्क बुढा, लिलावती बुढा, शिबु गिरि लगायतका कलाकारहरूको प्रस्तुति रहेको थियो । यससँगै पछिल्लो पुस्ताका कलाकार लक्ष्मी न्यौपाने, कृष्ण कडेल, रेशम सापकोटा, शान्ता न्यौपाने, सीता थापा लगायत टोखाका स्थानीय प्रतिभाहरूले समेत प्रस्तुति दिएका थिए । कलाकार गीता भट्टराई, सञ्जु न्यौपाने, मिनाश्री लुङ्गेली, पूजा क्षेत्री र महिमा सुहासी, ध्रुव ओलीले पनि गीत गाएर मनोरन्जन प्रदान गरे । कार्यक्रममा तिलिङ्गाटार माविका बालबालिकाले पनि कार्यक्रममा प्रस्तुति दिएका थिए ।

कार्यक्रममा राष्ट्रिय लोकभजन संरक्षण प्रतिष्ठान नेपालअन्तर्गतका विभिन्न समितिहरू, ओमकारेश्वर भजन समूहको प्रस्तुति, टोखा वडा नं. १ हरिप्रसाद अधिकारीको भजन समूह, बालकलाकार सिज्यान शर्मालगायतका भव्य प्रस्तुति रहेको थियो ।

साथै सो अवसरमा कला, साहित्य, पत्रकारिता तथा समाजसेवामा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

कलाकारहरु चन्द्रकला शाह, प्रेमराजा महत,



पवित्रा रसाइली, रेशम सापकोटा, शान्ति गुरुङ, जीवन शर्मा, शिबु गिरी, शिवनारायण जोशी, बालुमाया पुन, दुर्गा रायमाझी, इन्द्र जिसी, बलराम खतिवडा, पवित्रा घर्ती, देवी हमाल, अमरविरही गुरुङ र भिमा सुवेदी सम्मानित भए ।

समाजसेवी विजयकान्त घिमिरे, धनबहादुर बस्नेत, शेषनारायण पोखरेल, कमल पोखरेल ढुन्ढी, हरिकृष्ण धिताल (एचके), कल्पना थापा (जेभियर इन्टरनेसनल कन्सल्टेन्सी), डिल्लीप्रसाद गौतम, सिताकुमारी पाण्डे, कमला घिमिरे, खड्क सिंह आले, ध्रुव पोखरेल, टोखा नगर गानकी रचयिता रेणु अधिकारी मौनता, दीपक न्यौपाने र अर्जुनकुमार कार्कीलाई सम्मान गरिएको छ ।

उनीहरूलाई प्रमुख अतिथि टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले सम्मान गरेका हुन् ।

सो अवसरमा उपस्थित सबैलाई तिजको दर पनि खुवाइको छ । तीन चरणमा दर खुवाइएको स्वीकृति इभेन्ट म्यानेजमेन्टका प्रमुख तथा लोकप्रिय गायक नविन पौडेलले जानकारी दिए । पहिलो चरणमा कोरियन चाउचाउ नङसिमको दर खुवाइएको उनले बताए । यस्तै दोस्रो चरणमा राजा च्याउको दर खुवाइएको तथा अन्तिम चरणमा अनदीको चामल घ्युमा पकाएर दर खुवाइएको गायक पौडेलले जानकारी दिए ।

संस्कृतिमा देखिएको भाषिक, शाब्दिक तथा दृश्यात्मक विकृति न्यूनीकरणमा यस्ता कार्यक्रमले सकारात्मक सन्देश प्रवाह गरेको आयोजकको विश्वास छ ।

हरितालिका तिज पर्वमा गाइने गीत, प्रयोग हुने भेषभूषा र वास्तविक सांस्कृतिक झल्को प्रस्तुत गर्दै टोखाबाट मौलिक संस्कृतिको संरक्षण गर्न खोजिएको संयोजक पौडेलले बताए । कार्यक्रम कलाकार शितल शर्माले सञ्चालन गरेकी थिइन् ।

कार्यक्रम आयोजनामा अमेरिकामा रहेकी समाजसेवी एवं गायिका सुस्मिता जि. विश्व, टीका पौडेल, पुरुषोत्तम बोहोरा, सिपी पौडेल, लक्जेम्बर्गमा रहेका राम खत्री र सावित्रा खत्री, बेल्जियमा रहेका दिनेश पौडेल डेनिस, कतारमा रहेका आरके शर्मा, बेलायतबाट खिम खत्री, युरोपबाट बुद्धिराम गौतम, पोल्यान्डबाट सञ्जिब खड्का, अस्ट्रेलियामा रहेका प्रेम सापकोटा साथ सहयोग रहेको संयोजक पौडेलले जानकारी दिए ।

कार्यक्रमलाई साथ दिने संस्थाहरुमा गुरु कन्सल्टेन्सी, जेभियर इन्टरनेसनल कन्सल्टेन्सी, स्टार अटो केयर, कप्लान एकेडेमी, हनी बी स्कुल, भूगर्भ सिमेन्ट, केएस इन्टरनेसनल, राजा च्याउ, कोरियन चाउचाउ नङसिम, बडीकार गाउँपालिका बागलुङ, चन्द्रागिरि नगरपालिका काठमाडौं, बुढानीलकठ नगरपालिका काठमाडौं, दोधारा चाँदनी नगरपालिका कञ्चनपुर, देवचुली नगरपालिका नवलपुर, पाल्पाली समाज यूएई, रुपन्देही सामाजिक सञ्जाल अस्ट्रेलिया, सिद्धबाबा इन्टरप्राइजेज, अरिकल इभेन्ट महाराजगञ्ज, लर्ड प्यालेस, लक्ष्मी ज्वेलरी, मेगा फर्मास्यिुटिकल, लुम्बिनी तन्दुरी भोजनालय बागदरबार, कान्तिपुर तन्दुरी हाउस सुकेधारा, कान्तिपुर तन्दुरी एन्ड रेस्टुरेन्ट सुकेधारा, ग्रिनसिटी हस्पिटल, कान्तिपुर डेन्टल हस्पिटल र विनायक हस्पिटल रहेको आयोजकले बताएको छ ।

कार्यक्रमको मिडिया पार्टनरमा मध्यान्ह दैनिक, जनसवाल दैनिक, सौर्य दैनिक, रातोपाटी, मेचीकाली खबर, वर्ल्डवाइड टिभी नेपाल, कान्तिपुरपाटी, सुनौलो नेपाललगायत रहेका थिए ।

## प्रकाशक श्रेष्ठ सम्मानित

**काठमाडौं/मस-** मध्यान्ह दैनिककी प्रकाशक सितादेवी श्रेष्ठ सम्मानित भएकी छन् । शनिबार काठमाडौंको टोखामा टोखा नगरपालिकाको आयोजना तथा स्वीकृति इभेन्ट म्यानेजमेन्ट काठमाडौंको संयोजनमा भएको बाल्यकालको झल्को दिने 'उबेलाको तीज' शीर्षकमा बृहत् सांस्कृतिक कार्यक्रममा प्रकाशक श्रेष्ठलाई सम्मान गरिएको हो ।

पत्रकारिताका माध्यमबाट संस्कृति संरक्षणलगायतमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै प्रकाशक श्रेष्ठलाई सम्मान गरिएको स्वीकृति इभेन्ट म्यानेजमेन्टका संयोजक तथा गायक नविन पौडेलले जानकारी दिए ।

प्रकाशक श्रेष्ठलाई कार्यक्रमका प्रमुख अतिथि टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले प्रमाणपत्रले सम्मान गरेका हुन् ।

सोही अवसरमा पत्रकारिताका माध्यमबाट योगदान पुऱ्याएकोमा सौर्य दैनिकका बाबुराम सिग्देल, रातोपाटीका कुवेर गिरी, न्युजपोलार डटकमका सुशील अर्याल, सेतोपाटीका सुशील नेपाल, मिलापकी गीता अधिकारी, म्युजिक खबर डटकमकी सविता पोखरेल, शानदार मिडियाका शिखरजंग श्रेष्ठ र आर्टिस्ट खबर डटकमका गोपीकृष्ण चापागाईलाई पनि सम्मान गरिएको थियो ।



## 'काजी'को शुभ मुहूर्त




**काठमाडौं/मस-** करिब आठ वर्षपछि निर्देशक लक्ष्मण रिजाल पुनः निर्देशनमा फर्किएका छन् । उनको निर्देशनमा बन्ने नयाँ फिल्म 'काजी' शुक्रबार दक्षिणकाली मन्दिरमा क्यामेरा तथा स्क्रिप्ट पूजासहित शुभ मुहूर्त गरिएको छ ।

मुहूर्तपछि निर्देशक रिजाल, निर्माता रामप्रसाद रिजाल र कलाकार टोली छायांकनका लागि स्याङ्जा प्रस्थान गरेका छन् । फिल्मको छायांकन भदौ ८ गते (आइतबार)देखि सुरु हुने जनाइएको छ ।

'काजी'मा विपिन कार्की, केकी अधिकारी र गरिमा शर्मा प्रमुख भूमिकामा देखिनेछन् । विपिन र केकीले यसअघि 'प्रसाद २' मा सहकार्य गरेका थिए । फिल्मको कथा प्रदीप भारद्वाजले लेखेका हुन् भने छायांकन चिन्तनराज भण्डारीले गर्नेछन् ।

निर्देशक रिजालले आफूले खोजेको जस्तै स्क्रिप्ट भेटेकै कारण लामो अन्तरालपछि निर्देशनमा फर्किएको बताएका छन् । यसअघि उनले 'कसम', 'धुँवा यो नसा', 'अलविदा', ' कायरा' जस्ता फिल्म निर्देशन गरेका थिए । साथै उनले ' डिसेम्बर फल्स' र 'गणपति' निर्माण गरेका थिए ।

आर एण्ड आर प्रोडक्सनको ब्यानरमा बन्ने यस फिल्मका लागि स्याङ्जामा ठुलो खर्च गरेर गाउँको सेट तयार गरिएको छ । संगीतमा कालीप्रसाद बाँस्कोटा संलग्न छन् भने वितरणको जिम्मा सुनिल मानन्धरको श्रीराम बालाजी फिल्म्सले लिएको छ ।


# Ramdhuni Municipality
# Office of the Municipal Executive
**Jhumka, Sunsari,**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No: RMY/NCB/01/082/083**
**Date of publication: 2082/05/08 (2025/08/24)**

1. ***Ramdhuni Municipality, Office of the Municipal Executive has allocated funds or received a grant*** from ***GoN*** towards the cost of ***Chandrakamal Ma. Vi. Bhawan Nirman Ramdhuni Nagarpalika Ward No.9*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for RMY/NCB/01/082/083*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Ramdhuni Municipality, Office of the Municipal Executive*** invites electronic bids from eligible bidders for the construction of ***Chandrakamal Ma. Vi. Bhawan Nirman Ramdhuni Nagarpalika Ward No.9*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs.4,33,54,000/-***
   - Minimum Work experience of similar size and nature: ***NRs.1,16,00,000/- One RCC Framed Building Project***
3. Under the Single Stage, Two Envelope Procedure, Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Ramdhuni Municipality, Office of the Municipal Executive, Jhumka, Sunsari. ito.ramdhunimun@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document fee of ***NRs.5000*** in the account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   *Name of the Bank: NIC Asia Bank, Jhumka* *Name of Office: Ramdhuni Municipality*
   *Office Code no. : 801011406* *Office Account no.: 0892050027908002*
   *Rajaswa (revenue) Shirshak no. : GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA*
6. Pre-bid meeting shall be held at ***Ramdhuni Municipality, Office of the Municipal Executive, Jhumka, Sunsari*** at ***1:00 P.M. on 2082/05/29 (2025/09/14)***
7. Sealed or electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 P.M.*** on ***2082/06/08 (2025/09/24).*** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 P.M.*** on ***2082/06/08 (2025/09/24)*** at the office of ***Ramdhuni Municipality, Jhumka, Sunsari***. Bids must be valid for a period of ***90 days*** *from* the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***Nrs.7,50,000/- ,*** which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 120 days).***
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



# Invitation for Bids
# Dhangadhi Sub-Metropolitan City
# Office of the Municipal Executive
**Dhangadhi, Kailali**

## INVITATION FOR THE ELECTRONIC BIDS

**Date of Publication: 24th August 2025 (2082/05/08 B.S.)**

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the supply works mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | 3/DSMC/2082/083 | Fabrication and Supply of Tree Guard at DSMC | 2,66,000/- | 3,000/- | Hard Copy Not Acceptable |
| 2. | 4/DSMC/2082/083 | Procurement for the Supply and Delivery of 1 Unit of Motor Grader | 2,88,000/- | 3,000/- | |
| 3. | 5/DSMC/2082/083 | Procument, Supply, Delivery and Installation of Electrical items for AC Strip/Rope Lighting System | 1,51,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, website: dhangadhimun.gov.np, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# तेक्वान्दोमा १३ पदक




**काठमाडौं/मस–** नेपाली खेलाडीले एन्टा २०२५ तेक्वान्दो ग्रान्डस्लाम युथ लिग फाइनलमा १३ पदक जितेका छन् । नेपालले ५ स्वर्ण, ३ रजत र ५ कांस्य जितेको काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीले जनाएका छन् ।

अगष्ट २१ देखि २२ तारिखसम्म चीनको छेङडुमा भएको प्रतियोगितामा एकल पुम्सेको यु-१० मा आरुषी थिङ, यु-१२ मा तभिसा तामाङ र विवश तामाङ, ३४ केजीमुनि आयु रे र भीआर इभेन्टमा कुमार तामाङले स्वर्ण जिते ।

त्यस्तै ३८ केजीमुनि निकी थिङ, ५८ केजीमुनि अफेस खत्री र एकल पुम्सेको यु-१४ मा पविना घलेले रजत हात पारे । २७ केजीमुनि सुजल कार्की, २९ केजीमुनि पवन घले, ३१ केजीमुनि सफल गुरुङ र ३६ केजीमुनि सागर गुरुङले कांस्य प्राप्त गरे ।

प्रशिक्षकमा प्रवीण खड्गी रहेका छन् भने प्रतियोगितामा अन्तर्राष्ट्रिय निर्णायक विकेश विडारीले निर्णायकको भूमिका निर्वाह गरेका थिए । प्रतियोगितामा काभ्रेस्थली, गोलढुंगा, अल्टिमेट र स्युचाटार तेक्वान्दो डोजाङका खेलाडीले सहभागिता जनाएको अध्यक्ष खड्गीले जानकारी गराए ।

# नेपाल 'ए'ले आसामसँग टी–२० सिरिज खेल्ने, अनिलको कप्तानीमा टोली घोषणा

**काठमाडौं/मस–** नेपाल 'ए' क्रिकेट टोलीले भारतको आसामविरुद्ध पाँच खेलको टी-२० सिरिज खेल्ने भएको छ । सिरिज आउँदो भदौ १० देखि १८ (अगस्ट २६-सेप्टेम्बर ३)सम्म गुवाहाटीमा हुने कार्यक्रम छ ।



नेपाल क्रिकेट संघ (क्यान) ले सिरिजका लागि विकेटकिपर ब्याटर अनिल साहको कप्तानीमा १६ सदस्यीय टोली घोषणा गरेको छ । राष्ट्रिय टोलीबाट पनि खेलिसकेका साहलाई यसपटक नेपाल 'ए' को कप्तान बनाइएको हो ।

घोषित टोलीमा अर्जुन घर्ती, सुभ कन्साकर, तुत राज दास, इशान पाण्डे, देव खनाल, सन्दीप जोरा, विवेक कुमार यादव, पवन सराफ, बसिर अहमद, आकाश चन्द, कमल सिंह ऐरी, मोहम्मद आदील आलम अन्सारी, शेर मल्ल, युवराज खत्री र सागर ढकाल समावेश छन् । क्यानका अनुसार आसामविरुद्धको यो सिरिज नेपाली युवा खेलाडीका लागि अन्तर्राष्ट्रिय अनुभव हासिल गर्ने महत्वपूर्ण अवसर हुने अपेक्षा गरिएको छ ।

# भ्याली पब्लिकको तीनै टोली विजयी



**काठमाडौं/मस–** भ्याली पब्लिकको तीनै टोलीले १९ औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा शनिबार जित हात पारेका छन् । भ्याली पब्लिकले सिनियर ब्वाइजमा २ तथा जुनियर ब्वाइज र सिनियर गर्ल्समा १-१ जित निकाल्यो ।

धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा भएको सिनियर ब्वाइजको पहिलो खेलमा भ्याली पब्लिकले गोल्डेनपिकलाई ४५-३९ ले पराजित गर्‍यो । भ्याली पब्लिका अशोक विकले ३२ अंक जोडे । अर्को खेलमा भ्याली पब्लिकले क्यान्भास बसन्त ऋतुलाई ४०-३३ ले हरायो । भ्याली पब्लिकका हिमेश विश्वकर्माले १२ स्कोर गरे ।

सिनियर ब्वइजमै हेम्सले स्वेता सदनलाई ६२-२३, भद्रकालीले बसुन्धरा नेसनल एकेडेमी (बीएनए) लाई ३८-३७ र गण्डकीले तेजस्वीलाई २९-२८ ले पाखा लगाए । हेम्सका आशुतोष यादवले १७, भद्रकालीका सुदिप श्रेष्ठले १७ र गण्डकीका सुविन अर्यालले ८ स्कोर गरे ।

सिनियर गर्ल्समा भ्याली पब्लिकले भ्याली पब्लिकले गण्डकीलाई २७-४ तथा केभीकेएसएसले सत्यसाइलाई १८-१५ ले पाखा लगाए । भ्याली पब्लिककी लोरिशा गौचनले ९ र केभीकेएसएसकी खुशी मिटोकले ११ अंक बटुले ।

जुनियर ब्वाइजमा भ्याली पब्लिकले ज्ञानभूमिलाई १२-११, न्युटनले एन्जल्स हार्टलाई २९-२६, पारामाउन्ट एकेडेमीले रिलायन्स पब्लिकलाई ४१-११, गोल्डेनपिकले भद्रकालीलाई २६-९ र तेजस्वीले फ्युजनलाई १२-८ ले पन्छाए । भ्याली पब्लिकका सुयोग गौतमले ६, न्युटनका आर्यन विकले ११, पारामाउन्टका सुदिप घलेले ८, गोल्डेनपिकका फुर्वा शेर्पाले १३ र तेजस्वीका अशोक तामाङले ६ अंक जोडे ।

# उर्मिलालाई कांस्य



**काठमाडौं/मस–** नेपालकी उर्मिला श्रेष्ठले थाइल्यान्डको बैंककमा जारी ५७ औं एसियाली शारीरिक सुगठन च्याम्पियनसिपअन्तर्गत एथलेटिक्स फिजिक्सको ३५ वर्षमाथि उमेरसमूहमा कांस्य पदक जितेकी छन् । ८ खेलाडी सहभागी उक्त स्पर्धामा थाइल्यान्डकी सिरिन्थिप इन्सीले स्वर्ण तथा लाओसकी सोमानिन फानोसिथले रजत जिते ।

उर्मिला एथलेटिक्स फिजिक्सकै ओपन क्याटेगोरीमा भने चौथो भएको अफिसियल दिनेश राजभण्डारीले जनाएका छन् ।

## साउदीमा रोजगार

कम्पनी: NUOR STEEL INDUSTRY COMPANY
पूर्व स्वीकृत मितिः २०८२/०४/०५
चलानी नं.: ६०२४३६६७
शहर: Saudi Arabia
L.T. No.: 329764

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Workshop Helper | 4 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: STEEL FORCE INDUSTRIES
पूर्व स्वीकृत मितिः २०८२/०४/०५
चलानी नं.: ६०२४३६६९
शहर: DAMMAM
L.T. No.: 329765

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Loading Unloading worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TIMS
श्रम इजाजत नं. ९९८/०६८/६९
Talent International Management Service Pvt. Ltd.
कलंकी–१३, काठमाण्डौ, नेपाल (Near Dristi eyes hospital)
E:mail: timss@yahoo.com, Web.: www. timssnepal.com
Tel number:- 015234603 | 9851093570, 9840874805, 9842004081, 9813304725

## साउदीमा रोजगार

कम्पनी: Technique Construction and Building General Contracting Est.
पूर्व स्वीकृत मितिः २०८२/०४/२९
चलानी नं.: ६०२४३६७९
शहर: Dammam
L.T. No.: 329327

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Plumbe | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अल रायन इन्टरप्राइजेज प्रा. लि.
श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१–४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com

## साउदीमा रोजगार

कम्पनी: Café SALEHABAD ABRAHIM SALEHABAD AL SAID For Beverages
शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०१/०४
चलानी नं.: ६०२३६१२९
LT. No.: 322103
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ १५ गते (31 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं.: ८७५/०६६/०६७
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

# Bhadrapur Municipality
# Office of Municipal Executive

**Bhadrapur-Jhapa**

**Koshi Province, Nepal**

## Invitation for Bids (IFB): BDP/GOODS/ICT/1/082/83

**First date of Publication: August 24, 2025 (2082/05/08)**

1. **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa** invites electronic bid from duly eligible and qualified registered bidders for the below mentioned work under Sealed Quotation procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders.

| Contract No | Description of Works | Estimated amount (Without VAT) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| BDP/GOODS/ ICT/1/082/83 | Supply, Delivery, Installment and Maintenance of CCTV Camera as per Technical Specifications. | **7,59,389.38** | 22,000.00 |

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur, Jhapa**

Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive Bhadrapur-Jhapa**
Office Code no.: **80101112**

Office Account no.: **2210100303000003 (For Security deposit)**

1. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal- www.bolpatra.gov.np/egp (e-GP II)
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
3. Bid document amounting of Nrs. 1,000.00 should be purchased online from https://sutrarevenue.fcgo.gov.np/ with revenue code no:14229 or may be purchased from municipality office.
4. General Information related to Electronic Bids are:

| Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|
| 2082/05/23, 12:00 at BDP Mun Jhapa | 2082/05/23, 1:00 PM at BDP Mun Jhapa | Minimum 45 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

**Bhadrapur Municipality**
**Office of Municipal Executive**

# Madi Municipality
# Office of the Municipal Executive

**Madi, Sankhuwasabha**

**Koshi Province, Nepal**

## Invitation for Bid

**First Date of Publication: 2082/05/08**

**Procument of Works- Single Stage Two Envelope Procedure**

1. The Madi Municipality, Madi, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- **MM/NCB/W/02/2082 -083**
2. Eligible Bidders may obtain further information at E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 5,000.00** (non-refundable) in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before **12:00 hrs** of **2082/06/07.** Late bid will be rejected. Bids shall be opened at **14:00 hrs** on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-
   Name of the Bank:- Himalayan Bank Ltd, Madi Branch
   Name of office:- Madi Municipality, Madi, Sankhuwasabha
   Kosh Account no.:- 06007632080084 (for bid document purchase)
   Dharauti Account no.:- 06007632080034 (for bid security Amount)
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 14,59,000.00** issued by "A" class commercial bank or direct deposit in Municipality's Dharauti Account number, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

**Details of Works**

| S. N. | IFB No. | Name of Project | Location | Detail of Works | AACT of best 3 F/Ys between 10 last Years (NRs) | Similar Size and Nature (NRs) | Bidding Capacity(NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | MM/ NCB/W/2/2082-083 | Construction of Okharbote-Mulkharka-Mangalbare Sadak | Madi Municipality -3 & 2 Sankhuwasabha | Constructions of Sub-grade, Sub-base, base, Premix Carpeting and the Road Structures. | 5,20,77,000.00 | 2,08,31,000.00 | 4,42,00,000.00 |

**Chief Administrative Officer**

नेपालीमा उपभोक्तामा पछिल्लो समय स्वदेशी उत्पादन प्रति विश्वास बढ्दै गएको छ । स्वदेशी उद्योगले आफ्नो ब्राण्ड बनाउनका लागि गुणस्तरीय वस्तु उत्पादन गरिरहेका छन् । उद्योगीले वस्तुको गुणस्तरमा ध्यान दिँदा स्वदेशी उत्पादनले आयातित वस्तुसँग समेत प्रतिस्पर्धा गर्न सक्षम भएका छन् । तर, निजी क्षेत्रका उद्योगी व्यवसायीले विषम परिस्थितिमा लगानी गरेपछि राज्यबाट अपेक्षित साथ र सहयोगको नभएको गुनासो गर्ने गरेका छन् । नेपालमा लगानीको वातावरण र व्यवसाय प्रवर्धनका निम्ति व्यावसायिक नीति कस्तो हुनुपर्छ ? भन्ने विषयमा नेपाल चेम्बर अफ कमर्स अन्तर्गत उद्योग वाणिज्य समितिको सभापति तथा रोयल फुटवेयर इन्डष्ट्रिजका अध्यक्ष **भिम पौड्याल**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।



# ‘नेपाली ब्रान्ड उत्कृष्ट हुन्छन् भन्ने आम विश्वास बढ्दो छ’

**भिम पौड्याल**, अध्यक्ष, रोयल फुटवेयर इन्डष्ट्रिज

**नेपालका उद्योग व्यवसायीको अहिलेको अवस्था कस्तो छ ?**

नेपालमा उद्योग व्यवसाय फस्टाइरहेको अवस्था छ । विगत एक दशक यता नेपालमा उद्योग क्षेत्रमा लगानी बढीरहेको छ । नेपालमा अहिले आयातित वस्तु भन्दा नेपाल भित्रै उत्पादित वस्तुहरू नेपाली उपभोक्ताको रोजाईमा पर्न थालेको छ । नेपालमा उत्पादन भएका वस्तु विदेश पनि निर्यात भइरहेका छन् । नेपालबाट निर्यात गर्न विभिन्न कठिनाईका बाबजुद निजी क्षेत्रको सक्रियतामै नेपाली उत्पादन निर्यात भइरहेको छ ।

विगतमा आयात गर्ने व्यवसायीले अहिले आफैँ उत्पादन गर्ने गरेका छन् । नेपालमै उत्पादन गर्दा तुलनात्मक रुपमा सस्तो पर्ने भएकाले उद्यमतर्फ नेपाली लगानीकर्ताको आकर्षण बढ्दो नै छ । बाहिरबाट आउने भन्दा नेपालमै उत्पादन हुने स्वदेशी उत्पादनलाई माया गर्नेहरू समेत धेरै छन् ।

**त्यसोभए, नेपालमा रोजगारीको अवस्था नभएर विदेश जानेको संख्या किन बढिरहेको छ ?**

यहाँ अहिले सिप भएको दक्ष जनशक्तिको अभाव छ । पछिल्लो समय कम तलब नहुने स्थानमा श्रमिकहरू गइरहेको अवस्था छ । किनभने अहिले देखासिकी धेरै छ । गाँउका मान्छेमा विदेश जाने लहरले गर्दा स्वदेशमा भन्दा विदेशमा राम्रो हुन्छ भन्ने मनोविज्ञानको कारण विदेश जानेको संख्या बढीरहेको हो । तर, नेपालमा रोजगारीको अवसर सिप हुनेको लागि राम्रो हुँदै गएको छ । यस्तै नेपालमै केही गर्छु भन्ने हो भने सानो लगानीमा पनि राम्रो आम्दानी गर्ने क्षेत्रहरू छन ।

तर, पछिल्लो समय छिटो धनी हुने मनोविज्ञानको कारण युवा जनशक्ति नेपाल भन्दा बाहिर गइरहेको अवस्था छ । तर, अब यो बिस्तारै कम हुन्छ । विदेशमा केही वर्ष अघि गएकाले केहीले राम्रो गरे होलान् तर अहिले त्यहाँ पनि सिप बिनाको श्रमिकको आय निकै कम छ ।

**तपाईं फुटवेयर इन्डष्ट्रिजमा एक दशक भन्दा बढी समयदेखि हुनुहुन्छ । अहिले फुटवेयर व्यवसाय कस्तो चलिरहेको छ ?**

अहिले फुटवेयर इन्डष्ट्रिजबाट उत्पादन हुने उत्पादन गुणस्तरीय बन्दै गएका छन् । बाहिरबाट ल्याएको ब्राण्डेड भन्ने जुत्ता चप्पल भन्दा नेपालमै उत्पादन भएका जुत्ता चप्पल धेरै नै बलिया छन् । आयातित भन्दा तुलनात्मक रूपले सस्तो पनि छ । त्यो हिसावले हेर्दा नेपालमा पहिलेको तुलनामा जुत्ता चप्पल उत्पादन वृद्धि भएको छ । तर, हाम्रो मार्केट र जनसंख्या सानो हुदाँ प्रतिस्पर्धा बढ्दो छ ।

जुत्ता चप्पल उपयोग गर्ने युवा वर्ग हो, त्यो वर्ग बाहिर गइरहँदा अहिले खपतमा केही कम छ । उपभोक्ताको संख्या कम भएको हुनाले मार्केट खुम्चिएको छ । उत्पादन बढ्दै गएका कारणले बजारमा अलिकति समस्या चाहिँ छ ।

तर, पछिल्लो समय विदेश गएकाहरूमा समेत नेपाली उत्पादनप्रति विश्वास बढेकाले विदेशी बजारमा पनि नेपाली उत्पादन पुगेको छ । त्यसैले विदेश गएकालाई टार्गेट गरेर बजारीकरण गर्ने हो भने नेपाली उत्पादनको माग विदेशमा थप वृद्धि हुने देखिन्छ ।

**नेपालमा उद्योग खोल्नेको संख्या पनि बढिरहको देखिन्छ । त्यसले भएका उद्योगलाई असर गर्छ की गर्दैन ?**

प्रतिस्पर्धाको लागि नयाँ कम्पनी त आउँछन्, त्यो स्वभाविक कुरा नै हो । नयाँ उद्योगमा लगानी हुँदा अर्थतन्त्र समेत चलायनमान हुन्छ । यसरी उद्योग खोल्नेको संख्या बढ्दा आयात हुने वस्तुमा कमि आउँछ । आयात गर्दा भन्सार बढी लाग्ने भएपछि आठ/दश वर्ष यता वस्तु आयात गर्दै आएका व्यक्तिहरू नै उद्योग सञ्चालनतर्फ लागेका छन् । यो राम्रो सकारात्मक पक्ष हो ।

तर, एउटा समस्या के छ भने बेरोजगार भइयो भनेर श्रम गर्ने जनशक्ति विदेश पलायन भइरहेको अवस्था छ । अर्कोतिर हाम्रा उद्योगमा फेरि मजदुरको अभाव छ । दक्ष जनशक्तिको अभावको कारण बजारको माग बढ्दा उत्पादन समयमै गर्न नसक्ने अवस्था छ ।

**नेपालमा उत्पादन हुने वस्तुले विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कति सक्षम छन् ?**

नेपालमा आउने विदेशी उत्पादन भनेको चीन र भारतबाट आउने वस्तु नै हुन् ।

विदेशबाट आउने वस्तु भन्दा नेपालमै उत्पादन हुने वस्तु उत्कृष्ट छन् । आयातित कम गुणस्तरको सामानले नेपाली बजार बिगारदिने काम भइरहेको छ । त्यसैले, नेपालमा आत्मनिर्भर भएको वस्तुको आयातमा सरकारले बढी भन्सार लगाएर कडाई गर्ने नीति बनाउन आवश्यक छ ।

नेपाली फुटवेयरकै कुरा गर्ने हो भने चीनबाट कमसल खालका जुत्ता आउने र भारतबाट खुल्ला सिमानाको कारण बिना भन्सार वस्तु आउँदा समस्या सृजना भइरहेको छ । पूर्व मेचीदेखि पश्चिम महाकानीसम्म तराई क्षेत्रबाट बिना भन्सारका सामान आउँदा सरकारले राजस्व गुमाइरहेको छ भने स्वदेशी उद्योगलाई समेत ठूलो असर परिरहेको छ । स्वदेशी वस्तुलाई नै प्रतिस्थापन गर्नेगरी भन्सारबाट सामान आउँदा समेत सरकारी नियामक निकायले चासो राखेको पाइँदैन ।

**अन्त्यमा, सरकारी संयन्त्रको भूमिका कस्तो हुनुपर्छ ?**

भोगिरहेको समस्या हामी व्यवसायीले बारम्बार सरकारमा बस्नेदेखि कर्मचारी निकायसँग भन्दै आइरहेका छौं । उहाँहरूलाई सबै जानकारी समेत छ तर, रोक्ने काम भइरहेको छैन । सरकारले माथिल्लो निकायबाट हेर्न निर्देशन दिन्छ तर, तलसम्म आउँदा कार्यान्वयन हुँदैन । मार्केटमा बिना भन्सारका सामान आउँदा समेत रोक्न नसक्दा त्यसको असर राम्रो काम गर्ने व्यवसायीमा परेको छ ।

अहिले एमआरपी अनिवार्यताले भन्सार चोरीलाई रोक्छ भन्ने लागेको छ तर, यसलाई कार्यान्यवनमा लैजान आवश्यक छ । एमआरपी समस्या स्वदेशमा उत्पादित वस्तुमा छैन, तर, विदेशबाट आयात गर्नेलाई समस्या छ । त्यसलाई व्यवस्थित गरेर सिस्टममा लैजानु पर्छ ।

## १२ करोड लगानीमा लोत्से मलमा खुल्यो एस बैंक्वेट

**काठमाडौं/मस–** नयाँबसपार्क स्थित लोत्से मलमा १२ करोड लगानी गरेर एस बैंक्वेट खुलेको छ । काठमाडौं महानगरपालिका वडा नं २६ नयाँबसपार्कस्थित लोत्से मलमा सञ्चालनमा ल्याइएको उक्त बैंक्वेटको शुक्रबार जेष्ठ नागरिक शम्भुमानसिंह कुँवर र सञ्चालक आकृति कुँवरले संयुक्तरूपमा शुभारम्भ गरेका हुन् ।

स्वीट्जरल्याण्डको लेस रोसेस विश्वविद्यालयबाट उद्यमशीलतासहित होटल व्यवस्थापनमा स्नातक र लण्डनबाट रियलस्टेट, फाइनान्स र होटल तथा पर्यटन विकासमा स्नातकोत्तर गरेकी २४ वर्षीय युवा व्यवसायी कुँवरले सो बैंक्वेट खोलेकी हुन् ।

बैंक्वेटको २३ हजार स्क्वायर फिटमा हलभित्र सगरमाथा, माछापुच्छ्रे र धौलागिरी गरी तीन हलहरू रहेका छन् । प्रत्येक हलमा ५ सय देखि ७ सय जना व्यक्ति अट्ने क्षमता रहेको छ । उक्त बैंक्वेटमा पचास भन्दा बढी युवालाई रोजगारी दिने जनाइएको छ ।



‘स्वदेशमै केही गर्नुपर्छ भनेर विदेशमा सिकेको ज्ञान र सीपलाई स्वदेशमै प्रयोग गरौं भनेर बैंक्वेट हल सञ्चालनमा ल्याएका हौं’, उनले भनिन् । काठमाडौं महानगरपालिका वडा नं २६ का वडाअध्यक्ष ख्यामराज तिवारीले पछिल्लो समय राष्ट्रिय बसपार्क व्यवस्थित र सुन्दर बन्दै गएको बताए । उनले उक्त बसपार्क सञ्चालनका लागि महानगरपालिका कटिबद्ध भएर लागेको उल्लेख गरे ।

कार्यक्रममा नयाँ बसपार्क सञ्चालन गरिरहेको लोत्से बहुउदेश्यीय प्रालिका अध्यक्ष इन्जिनियर दिपक कुँवरले नेपालमा केही गर्न सकिँदैन भन्ने भाष्यलाई चिर्नका लागि युवा व्यवसायी आकृतिले पार्टी प्यालेस सञ्चालन गरेर दर्जनौं युवालाई रोजगारी प्रदान गरेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री शंकर भण्डारी, मुख्यसचिव एकनारायरण अर्याल, बागमती प्रदेशका पूर्व मुख्यमन्त्री बहादुर सिंह लामा, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, बागमती प्रदेशका सांसद रमेशकुमार महत, टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी, तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जन, नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीलगायतको सहभागिता थियो ।

## बोर्डद्वारा झन्डै नौ अर्ब बराबरको लगानी स्वीकृत

**काठमाडौं/मस–** लगानी बोर्डको बैठकले ५४ मेगावाट उत्पादन क्षमताको तल्लो अप्सुवा जलविद्युत् परियोजनाका लागि आठ अर्ब ८४ करोड बराबरको लगानी स्वीकृत गरेको छ । लगानी बोर्डको कार्यालयका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार शुक्रबार सम्पन्न बोर्डको ६५औं बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले आठ सय मेगावाट क्षमताको पश्चिमसेती जलविद्युत् परियोजनाको परियोजना विकास सम्झौताको मस्यौदा तयारी, वित्तीय ढाँचालगायतका विषयमा विकासकर्तासँग छलफल गरी बोर्डमा प्रस्ताव पेस गर्ने कार्यका लागि प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णयसमेत गरेको छ ।

प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न उक्त बैठकले पाँचखाल विशेष आर्थिक क्षेत्रको विकास तथा सञ्चालनसम्बन्धी परियोजना र काठमाडौं-हेटौंडा-वीरगञ्ज पोडवे परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन पेस गर्न तथा सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने अख्तियारी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई दिने निर्णय गरेको छ ।




त्यसैगरी, नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको विद्युत् प्रसारण लाइनको नयाँ रुट ‘अलाइनमेन्ट’को सम्भाव्यता तथा वातावरणीय अध्ययन गर्नका लागि प्रवर्धक कम्पनी कर्णाली ट्रान्समिसन कम्पनी प्रालिलाई सहमति प्रदान गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरूको उपस्थिति थियो ।

## वीरगञ्ज नाकाबाट हुने आयात र निर्यात दुवै बढ्यो

**पर्सा/मस–** चालु आर्थिक वर्षको पहिलो महिना साउनमा वीरगञ्ज नाकाबाट ६८ अर्ब १७ करोड मूल्य बराबरका वस्तु तथा सामान आयात भएका छन् । जुन गत आवको सोही वर्षको तुलनामा आठ अर्ब ११ करोडले बढी भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ । कार्यालयका अनुसार आव २०८१/८२ को साउनमा ६० अर्ब छ करोड बराबरको वस्तु तथा सामान आयात भएको थियो ।

चालु आर्थिक वर्षको साउनमा यो नाकाबाट हुने निर्यात बढेको छ । चालु आवको साउनमा आठ अर्ब ४५ करोडको सामान विभिन्न मुलुकमा निर्यात भएको छ । गत आवको साउनमा तीन अर्ब पाँच करोडको मात्रै सामान निर्यात भएको थियो ।

कार्यालयका अनुसार साउनमा १८ अर्ब ४४ करोड राजस्व संकलन गरेको छ । जबकी आव २०८१/८२ को साउनमा १५ अर्ब ९२ करोडको राजस्व संकलन भएको थियो ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**